*अध्याय छ*

# *हालचाल*को हालचाल

**घमराज लुइँटेल**

## पृष्ठभूमि

देशमा प्रजातान्त्रिक शासन प्रणाली छ । नेपाल अधिराज्यको संविधान २०४७ ले विचार, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता र सूचनाको हकको प्रत्याभूति गरेको छ । राष्ट्रिय प्रसारण ऐनमा व्यवस्था छ, तर तालुकवाला सूचना तथा सञ्चार मन्त्रालय समाचार भन्न पाइँदैन भन्छ । २०५४ जेठ ९ देखि रेडियो बजाउन थालेका छौँ । एउटा उपाय सुझायौँ– रेडियो पत्रिका *हाम्रो खाल्डो* प्रसार गर्ने । रघु मैनाली कार्यक्रम निर्देशक थिए । *हाम्रो खाल्डो*को डिजाइन गरियो । रेडियो रिपोर्ट, जनबोली, प्रोफाइल सहितको रेडियो पत्रिका बजाउने निधो भयो । पत्रिकामा काम गरेको अनुभव, रेडियोको ज्ञान कम । रेडियो पत्रिका उत्पादनका लागि प्राथमिक तालिम लिइयो । त्यही सालको भदौ १३ देखि *हाम्रो खाल्डो* प्रसारण सुरु भयो, आधा घण्टाको दैनिक म्यागेजिन । उत्पादकहरू तीन जना– म, मधु आचार्य र जीतेन्द्र राउत ।

रेडियो म्यागेजिनमा सामग्री सङ्कलन गरी रेडियो रिपोर्ट बनाएर प्रसार गर्न सकियो । म्यागेजिनको बेग्लै स्वाद र विशेषता थियो । तर समुदायका दैनिक

गतिविधि र घटनालाई समाचार बुलेटिनकै रूपमा समेट्न म्यागेजिनमा सम्भव थिएन । समुदायका गतिविधि प्रसार गर्नुपर्छ भन्ने कुरामा हामी प्रस्ट थियौं । त्यसैले केही प्रशिक्षार्थी स्वयंसेवकलाई समेत सामुदायिक गतिविधि सङ्कलन र लेखनका लागि तालिम दिइयो । निर्जला कक्षपति, रोश्ना सुब्बा, मधुसुदन गुरागाईं, सुचित्रा श्रेष्ठ लगायतको एउटा समूह बन्यो । यो समूहलाई करिब एक महिनाको आन्तरिक तालिम दिएपछि समाचार बुलेटिन प्रसार गर्ने निधो भयो ।

२०५५ मङ्सिर १९ को दिन थियो । १० मिनेटको सामुदायिक समाचार बुलेटिन बजाउने सल्लाह भयो । साँझ ७:०० बजे रेडियो नेपालको समाचार रेडियो सगरमाथाले पनि बजाउनुपर्ने हुन्थ्यो । रेडियो नेपालको समाचार प्रसारण गर्नुपर्ने कुरा इजाजतमै सर्तका रूपमा आएको थियो । रेडियो नेपालकै समाचार सकिएपछि स्थानीय समाचार बजाउने समय रोजियो- साँझ ७:१५ बजे । नाम के राख्ने ? टाउको दुखाइको विषय थियो । 'समाचार' भन्न नपाइने, यद्यपि हामीले प्रसार गर्ने सामग्री समाचारहरू नै थिए । सङ्कलन, लेखन, सम्पादन र वाचन उसै गरी हुन्थे जसरी एउटा समाचार प्रसार हुन प्रक्रियाहरू पूरा गर्नुपर्थ्यो । यसर्थ हामीले समाचारलाई नै बुझाउने वैकल्पिक शब्द रोजेका थियौ- *हालचाल* । *हालचाल* प्रसारण सुरु भएपछि सूचना तथा सञ्चार मन्त्रालयका अधिकारीहरूले स्पष्टीकरण सोधे– "किन र कुन अधिकारले समाचार बजाएको ?" कार्यक्रम निर्देशक रघु मैनालीले उत्तर दिए– "हामीले समाचार बजाएकै छैनौं । हामीले त *हालचाल* पो बजाएको ।" त्यसपछि मन्त्रालयका अधिकारीहरूले फेरि प्रश्न गरेनन् । यसरी *हालचाल* सुरु भयो । पहिलो दिनको *हालचाल*मा रघु मैनाली, म, निर्जला कक्षपति र रोश्ना सुब्बा थियौं । हामीले त्यो दिन टोलका सरसफाइ, क्लबका गतिविधि, फोहोरमैला, बिजुली आपूर्तिमा अबरोध, सवारी आवागमनमा बाधा, अन्तर्क्रिया, रक्तदान र मौसम जस्ता विषय समेटेका थियौं ।

## समाचार बिस्तार

२०५४ को अन्ततिर अङ्ग्रेजी भाषाको कार्यक्रम *ह्वाट द पेपर से* सुरु भयो । साताभरिका पत्रपत्रिकाको समाचार सार विश्लेषणात्मक रूपमा समेटिने यस कार्यक्रममा तत्कालीन स्टेसन म्यानेजर विनोद भट्टराई प्रस्तोता थिए । यो कार्यक्रम हरेक शुक्रबार बिहान ८:३० मा प्रसार हुन्थ्यो । भट्टराईले २०५५ को आरम्भतिर रेडियो सगरमाथाबाट बिदा लिएपछि यो पनि बन्द भयो । तर २०५६ सालको माघतिर पत्रपत्रिकामा प्रकाशित मुख्यमुख्य समाचारलाई नै समेटेर रेडियो सगरमाथाले नेपाली भाषामा *पत्रपत्रिकाको सँगालो* सुरु गर्‍यो (यस कार्यक्रमबारे थप चर्चा

पछाडि गरिएको छ) । सुरुआतकालमा ६:३० बजे प्रसारण हुने गरे पनि पत्रिकाको खबर श्रोतालाई सकभर ओछ्यानमै सुनाउने उद्देश्यले छ महिनाभित्रै यो कार्यक्रमको समय बिहान ६:०० बजे सारिसकिएको थियो। आरम्भको एक वर्षपछि *हालचाल* थपियो र त्यसमा राष्ट्रिय र अन्तर्राष्ट्रिय गतिविधि पनि समावेश गर्न थालियो। उपत्यकाका सामुदायिक गतिविधिहरू समेट्ने गरी २०५६ साल फागुनदेखि साँझ ६:०० बजे *उपत्यका सेरोफेरो* सुरु भयो ।

रेडियो सगरमाथामा २०५६ फागुनदेखि नै खेलसम्बन्धी छुट्टै बुलेटिन सुरु गरियो । यसअघि २०५५ माघदेखि चेतन पाण्डे र सरोज काफ्ले मिलेर खेलसम्बन्धी म्यागेजिन *खेल मैदान* सुरु गरेका थिए । *खेल गतिविधि* चाहिँ बेलुका ६:४५ मा प्रसार हुन्थ्यो । *हालचाल* बुलेटिन ढिलो भयो भन्ने खालका प्रतिक्रिया आउन थालेपछि २०५६ को अन्ततिर *हालचाल*लाई बेलुका ६:४५ मा सारियो र बेलुका ७:१५ मा *खेल गतिविधि*लाई लगियो । चेतन पाण्डे यसअघि दैनिक *श्री सगरमाथा*मा खेल संवाददाता थिए। उनैको अगुवाइमा *खेल गतिविधि* प्रसार हुन थालेको थियो । तर उनले २०५६ को अन्तताका रेडियो सगरमाथा छोडेपछि *खेल मैदान* बन्द भयो । सरोज काफ्ले र सुशील पोखरेल *खेल गतिविधि*मा रहे भने श्रव्य-दृश्य पत्रकारितासम्बन्धी तालिम दिने संस्था आभासबाट तालिम लिएर भर्खरै स्वयंसेवीका रूपमा प्रवेश गरेका निमेष अधिकारी पनि यसमा संलग्न भए । यस कार्यक्रममा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेल प्रतियोगिताबारे जानकारीहरू समेटिन्थ्यो । करिब १० मिनेटको यो कार्यक्रमको अन्तमा 'र पुछारमा' शीर्षकअन्तर्गत खेलकुदबारे छोटकरीमा रोचक सामग्री प्रसार गरिन्थ्यो । २०५७ सालदेखि हरेक बिहान ८:३० बजे अङ्ग्रेजी समाचार बुलेटिन *ब्रेकफास्ट बाइट्स्* सुरु भयो । कसमस विश्वकर्मा, नवीनसिंह खड्का, रम्यता लिम्बू, जुली गुरुङ आदि सम्मिलित टोलीबाट सुरु भएको यो बुलेटिन पनि धेरै समय चल्न सकेन । यो टोलीले समय दिन नसकेका कारण बुलेटिन छ-सात महिनामै बन्द भयो । २०५७ सालदेखि बिहान ९:०० बजे पनि *खेल गतिविधि* प्रसार हुन थाल्यो । स्थापनाको करिब तीन वर्षसम्म रेडियो सगरमाथाबाट समाचारमूलक कार्यक्रमका रूपमा *खेल गतिविधि, पत्रपत्रिकाको सँगालो, हालचाल* र *उपत्यका सेरोफेरो* मात्रै प्रसार भए ।

यही बीचमा रेडियो सगरमाथाको प्रसारण थपिँदै जाँदा २०५८ भदौदेखि बिहानको प्रसारण मध्याह्न १२:०० बजेसम्म र दिउँसोको प्रसारण अपराह्न ३:०० बजेदेखि हुन पुग्यो । २०५८ फागुनदेखि बिहान ९:०० बजेको *खेल गतिविधि*लाई *हालचाल*मा परिणत गरियो । २०५८ फागुन ७ गतेदेखि रेडियो सगरमाथाले आफ्नो समाचार बुलेटिनमा वृद्धि गरी समाचारलाई महत्त्व दिन थाल्यो । अन्य

स्टेसनहरूसँग हुने प्रतिस्पर्धाका कारण रेडियो सगरमाथाले क्रमैसँग समाचार बुलेटिन थप्न थाल्यो । यो क्रममा राति ९:१५ बजे अर्को बुलेटिन थपिन पुग्यो । तर यो बुलेटिन बीचमा बन्द गरियो र २०६० सालदेखि राति ९:१५ को सट्टा ९:४५ बजे सुरु गरियो । यसको अवधि पनि १५ मिनेट नै थियो । काठमाडौँ उपत्यकामा प्रसारित अन्य रेडियोहरूबाट घण्टाघण्टामा समाचार जान थालेपछि रेडियो सगरमाथाले थप चुनौती महसुस गर्नु स्वाभाविकै थियो । रेडियो सगरमाथाको मूलबाटो सूचना र संवादमूलक कार्यक्रम नै थियो ।


२०५९ जेठदेखि सबै बुलेटिनको नाम एउटै बनाउने सोचाइअन्तर्गत *खेल गतिविधि*लाई *खेल हालचाल*मा परिणत गरियो । २०५९ भदौतिर आइपुग्दा हामीबीचमा एउटा कुरा उठ्न थाल्यो । राति रेडियो सगरमाथा बन्द हुँदा बीबीसीले खबरको बिट मार्छ । बिहान ६:०० बजेदेखि झन् खबरैखबर जस्तो हुन थाल्छ । बिहान ९:०० बजे दिएको समाचारपछि मध्याह्न १२:०० बजेसम्म पनि अर्को बुलेटिन आउँदैन । रेडियो सुनिरहेका मान्छेहरूका लागि बिहानको प्रसारण सकिने बेलामा एकपल्ट समाचार सुनाएर बन्द गर्न पाए के भइरहेको रहेछ भनेर ताजा जानकारीका साथ उसले रेडियो बन्द गर्छ भन्ने कुरा उठ्यो । साथै दिउँसो ३:०० बजे रेडियो खुल्ने बेलामा पनि समाचारबाट रेडियो सुरु गर्न पाए मान्छेले १२:०० बजेदेखि तीन घण्टासम्मको अद्यावधिक जानकारी पाउन सक्छ भन्ने कुरा पनि उठ्न थाल्यो । रेडियोका साथीहरू तथा तत्कालीन स्टेसन म्यानेजर युवाकर राजकर्णिकारसँग सरसल्लाह भयो र २०५९ भदौदेखि बिहान ११:४५ र दिउँसो २:४५ मा *हालचाल*का बुलेटिन थपिए ।[१] २०६० जेठदेखि खेलकुदबारेका समाचार *हालचाल*मा समेत प्रसारण हुने भएकाले *खेल हालचाल* छुट्टै राख्नु नपर्ने निष्कर्षका साथ यसलाई हटाइयो र त्यसमा संलग्न जनशक्तिलाई *हालचाल*मै संलग्न गराइयो ।[२]

२०६० को सुरुसम्म आइपुग्दा रेडियो सगरमाथामा विभिन्न समयमा गरी *हालचाल* बुलेटिनको सङ्ख्या मात्र नौओटा पुगिसकेका थिए । रेडियो सगरमाथाका तत्कालीन अध्यक्ष भूपेन्द्र बस्नेतलाई समेत यसको जस जान्छ । नौ-नौओटा बुलेटिन कुनै कति बेला आउने, कुनै कति बेला आउने हुँदा श्रोतालाई समय थाहा पाउन गाह्रो हुने भयो भन्ने हामीले प्रतिक्रिया पाउन थाल्यौँ । तसर्थ २०६१ जेठ ९ गतेदेखि सबै

---

[१] यसको पहिलो श्रेय चाहिँ भैरव रिसाललाई जान्छ । उनले एकपल्ट भेटघाटका क्रममा मसँग यसो गर्न पाए कस्तो हुन्थ्यो भनेका थिए । त्यही आधारमा कुरो अघि बढेको थियो ।

[२] *खेल हालचाल* हटे पनि रेडियो सगरमाथाले २०६० असोज १ देखि साप्ताहिक *रङ्गशाला* रेडियो पत्रिका सुरु गर्‍यो । यसको सञ्चालक निमेष अधिकारी र सरोज काफ्ले हुन् ।




तस्बिर ६.१: *हालचाल* बुलेटिनबारे *हिमाल* खबरपत्रिका, २०६१ वैशाख १-१५, पृ. २५ मा प्रकाशित विज्ञापन ।

बुलेटिनलाई पौने ... बजे (जस्तैः पौने नौ, पौने बाह्र, पौने तीन, पौने पाँच आदि) को समय पारेर राखियो (हेर्नुहोस् तालिका ६.१, तस्बिर ६.१) ।[3] यसका अतिरिक्त *पत्रपत्रिकाको सँगालो*समेत गरेर आफ्नै स्टेसनमा उत्पादित बुलेटिनको सङ्ख्या दस पुग्यो । २०६१ माघ १९ सम्म यसमा कुनै तात्त्विक भिन्नता आएको थिएन ।

[3] वास्तवमा हालचाललाई पौने ... बजेकै समयमा पार्नुका पछाडि केही कारणहरू थिए: क) हालचालका केही बुलेटिन पौने (पौने बाह्र, पौने तीन आदि) बजेकै समयमा भएकाले, ख) बीबीसीका कार्यक्रमहरू बिहान पौने छ बजे र बेलुका पनि पौने नौ तथा पौने एघार बजे आउने भएकाले, र ग) अन्य सहकर्मी/प्रतिस्पर्धी रेडियोहरूका समाचार बुलेटिन कसैका घण्टाको आधा भागमा (जस्तैः साढे सात, साढे आठ आदि) र कसैका ठीक घण्टामा (जस्तैः बाह्र बजे, एक बजे आदि) आउने परिप्रेक्ष्यमा समय जुध्ने भएकाले ।

**तालिका ६.१: २०६१ माघ १९ अघिसम्म रेडियो सगरमाथाका समाचार बुलेटिनहरू**

| बिहान | | दिउँसो | | बेलुका | |
|---|---|---|---|---|---|
| **समय** | **बुलेटिन** | **समय** | **बुलेटिन** | **समय** | **बुलेटिन** |
| ६:१५-६:४५ | पत्रपत्रिकाको सँगालो | २:४५-३:०० | हालचाल | ५:४५-६:०० | हालचाल |
| ६:४५-६:५० | हालचाल सङ्क्षेप | ४:४५-५:०० | हालचाल | ६:४५-७:०० | हालचाल |
| ७:४५-७:५० | हालचाल सङ्क्षेप | | | ९:४५-१०:०० | हालचाल |
| ८:४५-९:०० | हालचाल | | | | |
| ११:४५-१२:०० | हालचाल | | | | |

स्रोत: रेडियो सगरमाथाको कार्यक्रम तालिका ।

रेडियो सगरमाथामा आफ्नै बुलेटिनहरूबाहेक केही अन्यत्रबाट उत्पादित समाचार पनि प्रसारण हुन्थे । तिनमा लण्डनस्थित बीबीसीको समाचार र रेडियो नेपालको समाचार पर्दथे (हेर्नुहोस् तालिका ६.२) ।

**तालिका ६.२: २०६१ माघ १९ अघिसम्म रेडियो सगरमाथामा अन्यत्रका समाचार बुलेटिनहरू**

| बिहान | | बेलुका | |
|---|---|---|---|
| **समय** | **बुलेटिन** | **समय** | **बुलेटिन** |
| ५:४५-६:१५ | बीबीसी वर्ल्ड टुडे | ७:००-७:२० | रेडियो नेपालको समाचार |
| ७:००-७:२० | रेडियो नेपालको समाचार | ८:४५-९:१५ | बीबीसी नेपाली सेवा |
| | | १०:४५-११:०० | बीबीसी नेपाली सेवा |

स्रोत: रेडियो सगरमाथा ।

२०५५ साल कात्तिकदेखि नै रेडियो सगरमाथाले बीबीसीसँग मिलेर बिहान आधा घण्टाको *वर्ल्ड टुडे* र राति ८:४५ बजे आधा घण्टाको बीबीसी नेपाली सेवा प्रसार गरिरहेको थियो । २०५६ देखि बीबीसीले राति १०:४५ मा समेत रेडियो सगरमाथाका लागि १५ मिनेटको समाचार प्रसार गर्न थालेको थियो । अर्कोतिर रेडियो नेपालको समाचार प्रसार गर्नैपर्ने इजाजत पत्रमा भएको व्यवस्थाका कारण बिहान ७:०० बजे र बेलुका ७:०० बजेका दुईओटा समाचार बुलेटिन रेडियो सगरमाथाले रिले प्रसारण गरिरहेको थियो । यसरी पत्रपत्रिकाका समाचार, बीबीसी तथा रेडियो नेपालको समाचार र *हालचाल*का बुलेटिनहरूसमेत एकीकृत गरेर हेर्दा रेडियो सगरमाथामा समाचार र सूचनाको प्रवाह नै थियो ।

## ***हालचाल*का केही विषय र प्रसङ्ग**

### *राजनीतिक गतिविधिको प्रवेश*

२०५६ सालको चुनावको परिणामबाट रेडियो सगरमाथाले पूर्ण रूपमा राजनीतिक गतिविधिलाई समेत समाचार बनाउन थाल्यो । २०५६ सालको आमचुनावको

परिणाम प्राप्त हुन थालेपछि हरिहर भवन र राष्ट्रिय सभागृहबाट रेडियो सगरमाथाले छिनछिन्मा प्रत्यक्ष प्रसारण गर्न थाल्यो । मतगणनाको परिणाम काठमाडौँ बाहिरबाट समेत प्राप्त गरेर रेडियो सगरमाथाले प्रसार गर्न थाल्यो । २०५६ जेठको पहिलो साता थियो । आम निर्वाचनको मत गणना भइरहेको थियो । मानिसहरूलाई निर्वाचन परिणाम थाहा पाउन चासो हुनु स्वाभाविक थियो । तर सबै जना मतगणना भएको स्थानमा पुग्न आ-आफ्ना व्यावहारिक कठिनाइले गर्दा सक्दैनथे । त्यसैले हामीले चुनावको परिणाम बेलाबेलामा अद्यावधिक गरेर सुनाउने निधो गर्‍यौँ । ललितपुरको मत हरिहरभवन र काठमाडौँको मत राष्ट्रिय सभागृहमा गणना भइरहेको थियो । यही नै रेडियो सगरमाथाबाट प्रसारित पहिलो पूर्ण राजनीतिक समाचार थियो । राष्ट्रिय सभागृहको वातावरण बढी रमाइलो थियो । सभागृहको पूर्वपट्टि नेपाली काङ्ग्रेस समर्थक र पश्चिमपट्टि एमाले समर्थक रातभरि नाराबाजी गर्दै बसेका थिए । पानी पर्दा पनि उनीहरूले उक्त स्थान छोडेका थिएनन् ।

मतगणना सुरु हुँदा साँझ परिसकेको थियो । सञ्जीव अधिकारी प्रत्यक्ष विवरण दिन जाने भए । म स्टुडियोमा बसेँ । मोबाइल फोन सेवा आइसकेको थिएन । छेउछाउको पसलबाट प्रत्यक्ष विवरण दिनुपर्थ्यो । रात छिप्पिएपछि त्यहाँ वरपर फोनवाला पसल बन्द भएकाले प्रत्यक्ष विवरण सुनाउन पाइएन र बडो खल्लो लाग्यो । केही समयपछि संसदीय समाचारलाई पनि रेडियो सगरमाथाले *हालचाल*मा समेट्न थाल्यो । नयाँनयाँ साथीहरू भएकाले केही समय संसदको भेउ पाउन उनीहरूलाई गाह्रो परेको अनुभव गरेका थियौँ । संसदका प्राविधिक शब्द र प्रक्रिया सिक्न उनीहरूलाई केही समय लागेको थियो । संसदको अधिवेशनमा सांसदले बोलेका कुरा लगायत संसदअन्तर्गतका लेखा समिति, राज्य व्यवस्था समिति आदिबारेका समाचारहरूलाई स्थान दिन थालियो । पछि राजाका सन्देशहरू तथा शाही नेपाली सेना र नेपाल प्रहरीका गतिविधिलाई समेटियो । यस प्रकार *हालचाल* हाम्रो मूल समाचार बुलेटिन बनिसकेको थियो ।

## *गल्तीले सिकायो*

रेडियो सगरमाथालाई मानिसहरूले समाचारको विश्वसनीय स्रोतको रूपमा लिएको नै हामीले पाएका छौँ । तर रेडियो सगरमाथाको *हालचाल*मा एउटा यस्तो अप्ठ्यारो दिन पनि आयो, जुन अहिले सम्झँदा पनि असहज लाग्छ । २०५७ साल जेठतिरको कुरो हो । संसद अधिवेशन चलिरहेको थियो । लेखा समितिको बैठक पनि जारी थियो । हिमलाल न्यौपाने भर्खर रेडियो सगरमाथामा प्रवेश गरेका थिए । संसदीय र अर्थसम्बन्धी क्षेत्र उनको 'बिट' थियो । प्रशिक्षार्थी

पत्रकारका रूपमा प्रवेश गरेका न्यौपानेको मेहनत देखेर रेडियो सगरमाथाले उनलाई सहायक संवाददाताको नियुक्ति दिएको थियो । एक दिन उनले लेखा समितिको समाचार नेपाल बैंकको सञ्चालक समितिसँग जोडेर ल्याएछन् । उनले लेखेको समाचारमा लेखा समितिका केही सदस्यहरूले समितिमा प्रवेश गरेको नेपाल बैंकसम्बन्धी विवादास्पद मुद्दामा एक जना बैंक सञ्चालकसँग पैसा दिएको खण्डमा मिलाइदिन्छौँ भनेर मोलमोलाई गरेका छन् भन्ने विषयवस्तु रहेछ ।

मधु आचार्य समाचार संयोजक थिए । उनले यस्तो विवादास्पद समाचार दिनुअघि प्रमाण के छ भनेर सोधेछन् । उत्तरमा हिमलालले "प्रमाण त्यो भन्ने मान्छे नै छ । परेका बेलामा ऊ जहाँ पनि बोल्न तयार छ" भनेछन् । आचार्यले तत्कालीन कार्यक्रम निर्देशक प्रतीक भण्डारीसँग सल्लाह गर्दा प्रमाण छ र संस्थालाई अप्ठेरो नपर्ने हो भने दिँदा हुन्छ भनेपछि *हालचाल*मा त्यो समाचार प्रसार भयो । पछि लेखा समितिमा यो विषयमा छलफल भएछ । रेडियो सगरमाथाले हामीसँग प्रमाण छ भनेर फेरि अनुगमनात्मक समाचार प्रसार गऱ्यो । लेखा समितिले रेडियो सगरमाथालाई 'प्रमाण पेश गर्नू, नत्र कारबाही गरिनेछ' भनेर समितिको बैठकमा बोलायो । प्रमाण छ भनेर बजाइरहेको समाचारले रेडियो सगरमाथालाई त्यति खेर अप्ठेरो पऱ्यो, जब त्यो समाचारका संवाददाता हिमलाल न्यौपानेले 'आफ्नो स्रोत भागेको र उसको बोली रेकर्डमा नरहेको' जानकारी गराए । त्यति खेरसम्म रेडियो सगरमाथा र लेखा समितिको तिक्तता निकै बढिसकेको थियो । रेडियो सगरमाथाको आशय लेखा समितिलाई आक्षेप लगाउनु थिएन तर सामान्य लापरवाहीले ठूलो समस्या खडा गरिदियो । रेडियो सञ्चालक समिति र नेपाल वातावरण पत्रकार समूहले यो समस्यामा हात हालेर लेखा समिति समक्ष भूल भएको जानकारी गराएपछि यो घटनाले किनारा पायो । रेडियो सगरमाथाले समाचार सच्यायो र समाचार गलत भएकोमा क्षमा मागेर आफ्नो नियत गलत नभएको तर त्रुटि भएको कुरा सार्वजनिक गऱ्यो । यो त्रुटिका लागि सम्बन्धित संवाददाता न्यौपाने करिब एक महिनाका लागि निलम्बनमा परे ।

रेडियो सगरमाथाको समाचार प्रसारणमा भएको सबैभन्दा ठूलो त्रुटि यही नै थियो । यसले रेडियोको विश्वसनीयतामा समेत धक्का पुऱ्याएको थियो । रेडियो सगरमाथा र नेपाल वातावरण पत्रकार समूहको त्यस बेलाको नेतृत्वले घटनालाई गम्भीरपूर्वक लिएको थियो र निकै बुद्धिमताका साथ साम्य पारेको थियो । यो घटनाको लगत्तै नेपाल वातावरण पत्रकार समूहले रेडियो सगरमाथाका लागि

सम्पादकीय नीति जारी गऱ्यो (सम्पादकीय नीतिबारे विस्तृतमा चर्चा पछाडि गरिएको छ) ।

स्रोतलाई बढी विश्वास गर्दा हुन गएको अर्को भूलको पनि सम्झना आउँछ । २०५८ सालको साउनतिर भएको होलेरी काण्डको सन्दर्भ हो यो । रोल्पा जिल्लाको होलेरीमा विद्रोही माओवादीलाई घेर्दै शाही नेपाली सेना अगाडि बढिरहेको छ भनेर समाचार आयो । रेडियो नेपाल र नेपाल टेलिभिजनले पनि ठूलो सङ्ख्यामा माओवादी हताहत भएको र शाही नेपाली सेनाले चारैतिरबाट माओवादी छापामारहरूलाई घेर्दै लगेको भन्ने समाचार प्रसार गरे । हाम्रो अपराह्न ५:०० बजेको बुलेटिनको समय नजिक आइरहेको थियो । यस्तैमा एएफपीले एउटा समाचार वेबसाइटमा राखेको पाइयो । 'शाही नेपाली सेनासँगको भिडन्तमा २०० भन्दा बढी माओवादी छापामारको मृत्यु ।' अगाडिदेखिको सरकारी प्रचारप्रसार र लगत्तै एएफपीको समाचार । हामीले एएफपीको समाचार पत्यायौँ र एएफपीलाई उद्धृत गर्दै समाचार दियौँ । "नेपालमा भने सम्बन्धित क्षेत्रबाट पुष्टि हुन सकेको छैन" पनि भन्यौँ । स्वतन्त्र रूपमा केही समयपछि थाहा भयो, त्यो समाचार आधारहीन रहेछ । अर्को बुलेटिनमा हामीले भूलसुधार गऱ्यौँ ।

नाममा, अङ्कमा हुने बेलाबेलाका स-साना मानवीय भूल स्वाभाविकै हुन् र त्यस्ता भूल तत्परताका साथ सच्याइन्थ्यो । स-साना गल्ती भएको थाहा पाएमा श्रोताबाट तुरुन्तै सच्याउन फोन आउने गर्थे । जस्तैः पत्रकार ध्रुवहरि अधिकारीको नाम म यहाँ लिन्छु । उनले सानै गल्ती हुँदा पनि तुरुन्तै मलाई फोन गरेर सच्याइदिन्थे र तुरुन्तै रेडियोमा सच्याउने गर्थ्यौं । अहिले सम्झँदा गल्ती नै नभइदिएको भए हुन्थ्यो जस्तो लाग्छ तर काम गरेपछि गल्ती पनि सँगै आउँदा रहेछन् । हामीलाई यस्ता साना-ठूला गल्तीले पनि गुरु बनेर सिकाइरहे, बढी होशियार र जिम्मेवार बनाए । गल्ती सच्याउने तत्परताले रेडियो इमान्दार छ भन्ने प्रतिक्रिया श्रोताबाट हामीले पाएका छौँ ।

## *भदौ १६ को घटना*

२०६१ भदौ १५ गते इराकमा १२ जना नेपालीको त्यहाँका आतङ्ककारीहरूले हत्या गरेको खबर फैलिएपछि त्यही रातिदेखि नै काठमाडौँका विभिन्न स्थानमा विरोध प्रदर्शन हुन थाले । प्रदर्शनबारे जानकारी गराउन रेडियो सगरमाथाले स्थलगत विवरण प्रसारण गऱ्यो । यसो गर्नुको पछाडि नागरिक र सरकार दुवै थरीलाई घटनाबारे ताजा जानकारी दिनु थियो । १५ गते राति नै स्थिति तनावग्रस्त भएको विवरण हामीले दिएका थियौँ । तर १६ गते उपत्यका जलिसकेपछि मात्रै दिउँसो

अबेर कर्फ्यू घोषणा भयो । घटनाको विवरण दिएकोमा केही व्यक्तिहरूले रेडियो सगरमाथाको आलोचना गरेको पनि सुन्न पाइयो । मिडियाले घटना लुकाउनुपर्थ्यो भन्ने कुरासँग मेरो असहमति छ। तर मिडियाले घटनाको विवरण दिएर वस्तुस्थिति अगाडि राखिदिएपछि सरकारले आपतकालीन निर्णय लिन सक्नुपर्थ्यो । हामीले उत्तेजना फैलाउने गरी घटनाको विवरण दिएका थिएनौँ। प्रदर्शन भइरहेको छ भन्ने जानकारी संयमित ढङ्गले प्रसार गरेका थियौँ। भदौ १६ पछि शान्तिपूर्ण अवस्थाको सिर्जना र सद्भावना कायम गर्न रेडियो सगरमाथाले महत्त्वपूर्ण भूमिका खेलेको थियो। यो अवस्थामा रेडियो सगरमाथाले जे हुनु भैसकेको छ, हामी नेपालीकै सम्पत्ति नष्ट गर्ने र नेपाली नेपालीबीच द्वेष उत्पन्न हुने कार्यमा लाग्नु हुन्न भन्ने खालका सन्देश जाने गरी कार्यक्रमहरू उत्पादन, प्रसारण गरेको थियो । साथै धर्म र जातका नाममा कसैले हामीमाथि खेल्न सक्ने भएकाले सद्भावनाबाहेक अर्को विकल्प छैन भन्ने सन्देश जाने खालका अन्तर्क्रिया प्रसारण गरिएको थियो ।

## *नेपाल भाषाको* हालचाल

काठमाडौँ उपत्यकामा नेपाल भाषा बोल्नेको सङ्ख्या ठूलो छ। तसर्थ यस भाषामा पनि समाचार प्रसार गर्ने प्रयत्न रेडियो सगरमाथाले गरेको थियो । २०५६ सालको सुरुदेखि नै बेलुका ७:२५ मा नेपाल भाषामा पाँच मिनेटको समाचार प्रसार हुन थाल्यो । तर यसले एक वर्षभन्दा बढी नियमितता पाउन सकेन । नेपाल भाषाको कार्यक्रम *मुनासः* र यो समाचार बुलेटिन एउटै समूहले सञ्चालन गर्थ्यो। उक्त समूहमा सुरेश मानन्धर, प्रमिला मानन्धर, लुमन्ती चित्रकार, नरेश शाक्य, ओमकार श्रेष्ठ आदि सक्रिय थिए । *नेपाल भाषा हालचाल* र *मुनासः* दुवैको उत्पादन तथा प्रसारण समूह आफैले गर्थ्यो । यसको संयोजनको काम मङ्काः खलले गरेको थियो ।[४] स्टुडियो, कार्यकक्ष तथा प्रसारण समय रेडियो सगरमाथाले र जनशक्ति मङ्काः खलले उपलब्ध गराउने सहमतिमा यी कार्यक्रमको थालनी गरिएको थियो । काठमाडौँ, भक्तपुर र ललितपुर (पाटन) को भाषामा केही भिन्नता भएकाले सकेसम्म सबैले बुझ्ने साझा लवज र भाषा प्रयोग गर्ने सहमति पनि भएको थियो । सञ्चालक सबै स्वयंसेवक नै थिए ।

---

[४] मङ्काः खल नेपाल भाषा र साहित्य तथा संस्कृतिको सम्वर्द्धन, प्रचारप्रसार र संरक्षणका लागि काम गरिरहेको सामाजिक संस्था भएकाले रेडियो सगरमाथाले नेपाल भाषाको कार्यक्रम र समाचारका लागि उक्त संस्थालाई सहयोग गरिदिन अनुरोध गरेको थियो ।

झन्डै एक वर्ष जति चलुञ्जेल प्रशिक्षार्थी स्वयंसेवकहरू आउने र जाने क्रम पनि चली नै रह्यो । केही सिक्ने र त्यसपछि अन्यत्र हिँड्ने क्रम निरन्तर देखियो । नेपाल भाषाको समाचारमा नेपालीमा तयार पारेका समाचार नै उल्था गरिन्थे । मङ्काः खलले पठाएको स्वयंसेवक जनशक्तिले निरन्तरता पाउन छोडेपछि यो बुलेटिन सङ्कटमा पर्‍यो । समूह छिन्नभिन्न भएपछि पनि रेडियो सगरमाथाले त्यही समूहकी लुमन्ती चित्रकारलाई पूरा समयको पारिश्रमिक दिएर राख्यो । उनले केही समय एक्लै नेपाल भाषाको समाचार सञ्चालन गरिन् पनि । त्यस अवधिमा पनि एक-दुई जना नयाँ प्रशिक्षार्थी स्वयंसेवक आए, अनि गए । लुमन्ती दिउँसो रिपोर्टिङमा हिँड्थिन्, बेलुका नेपाली समाचारबाट उल्था गरेर पाँच मिनेट नेपाल भाषामा समाचार वाचन गर्थिन् । उनले पनि स्वास्थ्यको कारण देखाई राजीनामा दिएपछि यो बुलेटिन बन्द नै भयो ।[५]

## *समाचारको स्रोत र सङ्कलन प्रक्रिया*

गुणस्तरीय समाचार प्रसारणका लागि साधन र स्रोतले भ्याएसम्मको प्रबन्ध गरिएको थियो । समाचार खोज्न र त्यसको पुष्टि गर्न सहज होस् भनेर समाचार कक्षलाई सञ्चार सुविधा सम्पन्न बनाउन यथासक्य प्रयास गरिएको थियो । समाचार कक्षमा तीन लाइन टेलिफोन राखिएका थिए । तीमध्ये एउटा फ्याक्स लाइन थियो । फ्याक्स लाइनबाटै अन्तर्राष्ट्रिय टेलिफोन पनि गर्न सकिन्थ्यो । यसबाहेक समाचार कक्षमा अधिकांश समाचार च्यानल आउने प्रबन्ध मिलाई टेलिभिजन सेट र इमेल इन्टरनेट सहितको कम्प्युटर पनि राखिएको थियो । समाचार संयोजकलाई मोबाइल टेलिफोन सेवा उपलब्ध गराइएको थियो ।

समाचार कक्षले यिनै सुविधाका आधारमा समाचार सङ्कलन गर्थ्यो । कतिपय मुख्य घटना जस्तैः दुर्घटना, आन्दोलन, पत्रकार सम्मेलन, अदालतका सार्वजनिक चासोका फैसला वा सुनुवाइ, नौला वा रोचक खालका काम, प्रदर्शनी, मेला

---

[५] उपयुक्त वातावरण भयो भने रेडियो सगरमाथाले फेरि नेपाल भाषाको समाचार सुरु गर्न सक्छ । अन्य भाषा जस्तैः तामाङ भाषाको हकमा स्वयंसेवकहरूले एउटा साप्ताहिक *तामाङ काई* कार्यक्रम सञ्चालन गरिरहेका छन् । तामाङ भाषामा पनि समाचारकै लागि जनशक्ति भएको खण्डमा सोच्न सकिन्छ भन्ने मेरो धारणा छ । सामुदायिक रेडियोमा समुदायले हामी समाचार चलाउन चाहन्छौँ भनेर आउनु पनि पर्‍यो । नेपाल भाषा र तामाङ भाषाका यति धेरै संस्था छन् । आफ्नो भाषाका लागि रेडियोबाट योगदान गर्नु तिनको पनि त दायित्व हो । अहिलेसम्म यसरी समुदायका मान्छेहरू आएर कुरा गरेको हेक्का मलाई छैन । यसरी आउने समुदायलाई रेडियो सगरमाथा निःशुल्क कार्य कक्ष र प्रसारण सुविधा उपलब्ध गराइरहेको छ पनि । आफै लगानी गर्न सक्ने अवस्थामा भने रेडियो सगरमाथा छैन ।

आदिमा संवाददाता आफै गएर रिपोर्टिङ गर्थे । अन्य घटना जस्तैः गोष्ठी, भेला, अन्तर्क्रिया आदिको सन्दर्भमा विषय हेरी कम महत्त्वपूर्ण जस्तो लागेमा फोन वा फ्याक्सबाट समाचार सङ्कलन गरिन्थ्यो । काठमाडौँबाहिरका समाचार आफ्ना संवाददाता भएका स्थानमा संवाददातामार्फत र नभएका स्थानमा स्थानीय पत्रकारको सहयोगमा सङ्कलन गरिन्थ्यो ।

आकस्मिक घटनाका प्राथमिक सूचना भने प्रायः फोनबाट प्राप्त हुन्थे । यसरी फोनबाट प्राप्त सूचनालाई सम्बन्धित आधिकारिक निकाय वा व्यक्तिसँग सम्पर्क गरेर पुष्टि भए मात्रै दिइन्थ्यो । उदाहरणका रूपमा तुल बम राखिएको समाचारलाई लिऔँ । कहीँबाट कसैले यसबारे फोन गरेपछि पहिले सुरक्षा निकाय (शाही नेपाली सेना, जनपद प्रहरी र सशस्त्र प्रहरीमध्ये कुनै एउटा) मा फोन गरिन्थ्यो । एउटाले अनभिज्ञता प्रकट गरेमा अर्कोलाई सोधिन्थ्यो । प्रमुख जिल्ला अधिकारी (सिडिओ) लाई समेत फोन गरिन्थ्यो । यसरी सम्पर्क गर्दा पुष्टि हुन सकेमा मात्र समाचार दिइन्थ्यो । सजिलै र छिटै जान सकिने नजिकैका स्थानमा हो भने रेडियोका संवाददाता आफै त्यहाँ पुग्थे ।

अर्को उदाहरण, कुनै विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गऱ्यो र केही घाइते भए, केहीलाई पक्राउ गऱ्यो । संवाददाता पनि घटनास्थलमै छ । उसले सबै कुरा त भीडका कारण देख्न र थाहा पाउन सक्दैन । उसका प्रत्यक्ष अनुभव र अवलोकन साथै उसले घटनास्थलमा बुझेका वा सोधेका मान्छेबाट पनि सबै जानकारी आउन सक्दैन । कति पक्राउ परे भन्ने आधिकारिक तथ्याङ्क प्रहरी वा गृह मन्त्रालयसँग हुने भयो । सम्बन्धित प्रदर्शनकारी दल वा सङ्गठन/समूहले आफ्नातर्फबाट यति प्रदर्शनकारी पक्राउ परे, यति घाइते भए भन्ने आँकडा दिन्छन् । तिनले आन्दोलन वा विरोध प्रदर्शनमा ऊर्जा थप्ने उद्देश्यले तथ्याङ्कमा बढाइचढाइ गर्ने सम्भावना रहन्छ भने अर्को पक्ष सरकार वा सुरक्षा निकायले कम बल प्रयोग गरिएको देखाउन चाहन्छ । यस्तोमा हामी संवाददाताको प्रत्यक्ष अवलोकन र दुवै पक्षबाट प्राप्त तथ्याङ्क एवं भनाइ समाचारमा समेट्थ्यौँ ।

अझ अर्को फरकखाले एउटा उदाहरण पनि यहाँ चर्चा गर्नु सान्दर्भिक होला । नेपाल बन्दबारे के समाचार कसरी दिने भन्ने विषय गम्भीर र संवेदनशील हुन्थ्यो । बन्दका आधार के के हुन् ? शैक्षिक संस्था कलकारखाना खुला छन् कि बन्द छन् ? सडकमा सवारीको अवस्था कस्तो छ ? बसपार्कबाट लामो दूरीका बसहरू प्रस्थान गरे कि गरेनन् ? थानकोट चेक पोस्टबाट कस्ता र कति सवारी साधन भित्रिए वा बाहिरिए ? काठमाडौँ बाहिरका सहरहरूको अवस्था कस्तो छ ? यी तथ्य र आधार जुटाउनतिर लाग्थ्यौँ हामी । यसका लागि सकेसम्म आफै गएर

जानकारी सङ्कलन गरिन्थ्यो । राजधानीबाहिर हो भने सम्बन्धित व्यक्तिहरू जस्तैः बस व्यवसायी सङ्घ, बसका टिकट काउन्टर, उद्योग सङ्घ, स्थानीय पत्रकार, रेडियो स्टेसनसँगको सम्पर्क, त्यहाँका प्रशासकहरू (सिडिओ वा प्रहरी प्रमुख) सँग बुझिन्थ्यो । देशभरिको अवस्थाबारे सरकारको आधिकारिक भनाइका लागि गृह मन्त्रालयमा पनि सम्पर्क राखिन्थ्यो अनि मात्रै समाचार बनाइन्थ्यो ।

अर्को संवेदनशील तर बरोबर आइरहने विषय माओवादी र सुरक्षाकर्मीबीच हुने भिडन्तसम्बन्धी हो । कुनै ठाउँमा माओवादी छापामार र सुरक्षाकर्मीबीच भिडन्त भयो भन्ने प्राथमिक जानकारी आयो । हाम्रो प्राथमिक स्रोत फोन, रेडियो वा टेलिभिजन वा अनलाइन जे पनि हुन सक्थे । भिडन्तस्थल टाढा छ । त्यसपछि समाचार कक्षले पहिलो काम के गर्थ्यो भने त्यो क्षेत्रमा आफ्ना संवाददाता वा सहयोगी भए/नभएको पत्तो लगाउँथ्यो । छ भने उसलाई घटनाबारे बुझ्न र रिपोर्ट तयार गर्न जिम्मेवारी दिने गरिन्थ्यो । संवाददाता नभएको क्षेत्रमा स्थानीय पत्रकारसँग सहयोग मागिन्थ्यो। स्थानीय रेडियो पनि भएको क्षेत्र हो भने रेडियोसँग पनि सम्पर्क गरिन्थ्यो। त्यहाँको शाही नेपाली सेनाको गुल्मपति, सिडिओ, प्रहरीको प्रमुखलाई काठमाडौँबाटै फोन गर्न प्रयत्न गरिन्थ्यो । फोन नै नभएको ठाउँ रहेछ भने केन्द्रीय सुरक्षा निकाय र गृह मन्त्रालयमा बुझिन्थ्यो । कहिलेकाहीँ माओवादी स्रोतसँग पनि सम्पर्क हुन्थ्यो र उनीहरूको दाबी थाहा पाइन्थ्यो । तर माओवादीसँगको समस्या के थियो भने उनीहरूले चाहँदा सम्पर्क हुन्थ्यो, आफूले चाहेर उनीहरूलाई भेट्न सकिँदैनथ्यो । तैपनि तिनको सम्पर्क-सूत्र पत्ता लगाउन प्रयत्न भने गरिन्थ्यो ।

कहिलेकाहीँ कस्तो हुन्थ्यो भने बुलेटिनको समय भइसक्यो, प्राथमिक सूचना पनि थाहा छ, तर पुष्टि गर्न सकिँदैन । यस्तो समाचार हामी अर्को बुलेटिनका लागि खोजी गर्न छोडिदिन्थ्यौँ । तर हाम्रो अर्को बुलेटिनभन्दा अघि नै अर्को कुनै रेडियोले त्यसबारे 'न्यूज ब्रेक' गरिदिन्थ्यो । हामी थाहा भईभई पनि पुष्टि गर्न नसकेर पछि पर्थ्यौँ । यस्तो अवस्था प्रायः आफ्नो संवाददाता नभएका ठाउँको सन्दर्भमा हुन्थ्यो । यद्यपि आफ्नो संवाददाता नभएर पनि हामी पहिलो भएका उदाहरण पनि प्रशस्तै छन् ।

यहाँनेर नेपालगञ्ज र हापुरे वार्ताको प्रसङ्ग सान्दर्भिक होला । नेपालगञ्जमा माओवादी र सरकारबीचको वार्ता स्थगन भएपछि माओवादीले दाङको हापुरेमा सरकारी वार्ता टोलीलाई बोलाएको थियो । साधन र स्रोतको कमीका कारण हामीले आफ्नो संवाददाता त्यहाँ पठाउन सकेनौँ । हाम्रा सहयोगी रामेश्वर बोहोरा नेपालगञ्जमा थिए पनि, तर उनी कुनै समस्याले त्यस बेला सम्पर्कमा

आउन सकेका थिएनन् । हामीले नेपालगञ्जको विवरण *नेपाल समाचारपत्र*का सह-सम्पादक टङ्क पन्तको स्वरबाट प्रसार गर्न लगायौँ र हामी त्यो घटना दिने पहिलो रेडियो भयौँ । हापुरे वार्तामा पनि त्यस्तै भयो । हामीले रेडियो स्वर्गद्वारीसँग समाचारका लागि संयोजन गरिरहेका थियौँ । रेडियो स्वर्गद्वारीका स्टेसन म्यानेजर दधिराम सुवेदी हापुरे गएका थिए । उनी सम्पर्कमा थिएनन् । हामीले रेडियो स्वर्गद्वारीका साथीहरूसँग उनी सम्पर्कमा आउनेबित्तिकै हामीलाई फोन गर्न भनिदिनू भनेर अनुरोध गरेका थियौँ । संयोग, दधिराम सुवेदीको हापुरेबाटै रेडियो स्वर्गद्वारीमा सम्पर्क भएछ र उनलाई हाम्रो अनुरोध स्वर्गद्वारीका साथीहरूले सुनाइदिएछन् । बेलुका पौने सातको बुलेटिन सुरु मात्रै भएको थियो । हापुरेबाटै दधिराम सुवेदीको फोन आयो । हामीले उनलाई लाइनमा हाल्यौँ ।

रेडियो सगरमाथाको समाचार प्रसारण भइरहँदा हामी स्टुडियोको ढोकाको ह्याण्डल बाहिरबाट लगाउने गर्थ्यौं । केही नयाँ घटना आइहालेमा तुरुन्तै प्रसार गर्ने भनेर यसो गरिएको थियो । स्टुडियोको ढोका खोलियो र समाचार वाचकलाई अगाडि समाचारको 'लिड' दिइयो । त्यसमा मैले लेखेको थिएँ– "नेकपा माओवादी र सरकारबीचको वार्ता बिनासहमति यसै बेला टुङ्गिएको खबर छ । यससम्बन्धी प्रत्यक्ष जानकारी दिन हामीसँग अहिले वार्तास्थल दाङको हापुरेबाट रेडियो स्वर्गद्वारीका स्टेसन म्यानेजर दधिराम सुवेदी हुनुहुन्छ ।" समाचार वाचनमा सञ्जीव अधिकारी थिए । उनले तुरुन्तै यो लिड वाचन गरेर दधिराम सुवेदीलाई प्रश्न सोधे– "दधिरामजी वार्ता कसरी टुङ्गियो ?" सुवेदीसँग करिब दुई-तीन मिनेटको अन्तर्वार्ता समाचारमा प्रसार गरियो । काठमाडौँ उपत्यकामा हापुरे वार्ता भङ्ग भएको जानकारी दिने पहिलो रेडियो रेडियो सगरमाथा हुन पुग्यो ।

माओवादीले बाल सैनिक र विद्यालय प्रयोग नगरेको भने पनि २०६१ माघ १७ गते प्युठानबाट हामीले माओवादीकै केन्द्रीय सदस्य तथा विद्यार्थी सङ्गठनका अध्यक्ष लेखनाथ न्यौपानेलाई उद्धृत गर्दै उनीहरूको भित्री रणनीति– एक विद्यालय एक छापामारबारे प्रत्यक्ष रूपमा प्युठानबाट समाचार प्रसारण गऱ्यौँ । त्यस बेला समाचार संयोजक सञ्जीव अधिकारी समाचार सङ्कलनकै क्रममा प्युठान पुगेका थिए । यसबाट माओवादीको सार्वजनिक भनाइ र भित्री रणनीति फरक रहेको स्पष्ट देखिएको थियो । यसैगरी भैरहवाको सीमावर्ती क्षेत्रमा भारतले सडक निर्माणका नाममा बजाह सागर बाँधको डिल बढाएर नेपाली भूभागलाई डुबानमा पार्ने काम गरिरहेकोबारे त्यही बाँध क्षेत्रबाटै २०५९ मा प्रत्यक्ष प्रसार गर्न सकियो । यसबारे समाचार दिने पहिलो सञ्चारमाध्यम रेडियो सगरमाथा नै भयो । नेकपा माओवादीले जुम्लामा आक्रमण गरेको बेला हामीले प्राथमिक जानकारी

पाए पनि घटनाको आधिकारिक पुष्टि गर्न नसकेका कारण दिउँसो पौने तीन बजेको बुलेटिनमा त्यसलाई समावेश गरिएन । तर त्यही समाचार अन्य स्टेसनबाट भने प्रसार भई नै हाल्यो । हामी आधिकारिक स्रोतको अभावमा पछि परेकोमा खिन्न भएका थियौँ ।

### *समयसीमा*

सामान्यतया अघिपछि दुईदुई घण्टाबीच समाचार प्रसार हुने भए पनि बिहान र बेलुकाको महत्त्वपूर्ण समयमा समाचार घण्टाघण्टामै प्रसार हुन्थ्यो । त्यसैले हरेक क्षण समाचार अद्यावधिक गरेर प्रसार गर्नुपर्ने दायित्व समाचार समूहसँग थियो । घटनाको विकासक्रम चाँडोचाँडो हुने र द्वन्द्वमा पिल्सिएको मुलुक हुनाले देशभरि नै केही न केही भइरहने कारणले गर्दा समाचार अद्यावधिक गर्नु ठूलो चुनौती थियो । समाचार छुटचो भने श्रोतामाझ रेडियोको विश्वास घट्ने, समाचारमा त्रुटि भयो भने पनि विश्वसनीयतामै प्रश्न उठ्ने ।

रेडियो सगरमाथाको समाचार कक्षले सामान्यतया हरेक समाचार बुलेटिनको आधा घण्टा अघिसम्मको समयलाई समयसीमा मानेको थियो । तर समाचारहरू अन्तिम समयसम्म पनि आइरहने हुनाले यो समयसीमालाई व्यावहारिक हिसाबले कडा रूपमा लागू गर्न कठिन हुन्थ्यो । कहिलेकाहीँ त समाचार प्रसार हुँदाहुँदै पनि स्टुडियोको ढोका खोलेर समाचार दिनुपर्ने अवस्था आउँथ्यो, जुन माथि उल्लेख भइसकेको छ । फेरि सधैँको हतारो त छँदै थियो । रेडियो सगरमाथाले समाचारमा सकेसम्म पछिल्लो घटनाबारे पनि जानकारी समावेश गर्न सकियोस् भनेर आवश्यकता हेरी समयसीमा निकै लचिलो बनाएको थियो । जस्तैः होटल शङ्करमा भएको माओवादी-सरकार वार्ता, मन्त्रिमण्डल विघटन, नयाँ मन्त्रिमण्डलको गठन, पाल्पा बस दुर्घटनाको खबर आदि घटनामा समयसीमा लागू गर्न सकिएन । घटनाका जानकारी समाचार प्रसार हुँदाहुँदै स्टुडियोमा आइपुगेका कारण स्टुडियोको ढोका खोलेर समाचारको ताजा विवरण प्रसार गरिएका थिए । तर यसको बेफाइदा भनेको समाचार सम्पादन र वाचनमा कहिलेकाहीँ निकै तनावसमेत महसुस गर्नुपर्दथ्यो ।

### *प्रत्यक्ष विवरण र आवाजमा विविधता*

रेडियो सगरमाथाले समाचारमा विभिन्न घटनाको प्रत्यक्ष प्रसारण गरेको थियो । समाचारको समयमा गरिएका यस्ता प्रत्यक्ष प्रसारणहरूले जनतालाई घटनास्थलमा प्रत्यक्ष पुगेको अनुभव गराएका थिए । साथै यस्तो प्रत्यक्ष प्रसारणले आवाजका माध्यमबाट दृश्य प्रसारण गर्ने रेडियोको विशेषतालाई साकार गराएको थियो ।

प्रत्यक्ष प्रसारणमा राजनीतिक, सामाजिक र प्राकृतिक सबैखाले घटना समेटिएका हुन्थे । दलका नेता र राजाको भेटघाट, दलहरूका गतिविधि र विभिन्न महत्त्वपूर्ण गोष्ठी, कार्यशाला, अदालतका महत्त्वपूर्ण फैसला, माओवादी र सरकारका प्रतिनिधिहरूको धारणा, विभिन्न महत्त्वपूर्ण पत्रकार सम्मेलन आदिबारे घटनास्थलबाटै प्रत्यक्ष विवरण प्रसार गरिन्थ्यो ।

काठमाडौँ उपत्यकाबाहिरका संवाददाताहरूले पनि समाचारअन्तर्गत कैयौँ घटनाहरूको प्रत्यक्ष विवरण प्रसार गरेका थिए । यस्ता घटनाहरूमा राजाका क्षेत्रीय भ्रमण र अभिनन्दन, माओवादी र सुरक्षाकर्मीहरूबीचको भिडन्त, प्राकृतिक विपत्ति, विभिन्न चाडपर्व, सरकार– माओवादी वार्ता आदि थिए । जस्तैः माओवादीले २०५८ सालको चैत महिनामा दाङको सत्वरियाको सशस्त्र प्रहरी कार्यालयमा गरेको भीषण आक्रमणबारे दाङबाट मैले संवाददाताको रूपमा सस्वर प्रसार गरेको थिएँ । महेन्द्रनगरबाट रवि धामी, नेपालगञ्जबाट रामेश्वर बोहोरा, ताप्लेजुङबाट खगेन्द्र अधिकारी लगायत संवाददाताका अधिकांश खबरहरू तिनकै स्वरमा प्रसार गरिन्थे । यस्ता खबर कैयौँपल्ट प्रत्यक्ष प्रसार गरिएका छन् भने बेलाबेलामा रेकर्ड गरेर प्रसारण गर्ने गरिएका थिए । यस्तै सुदूरपश्चिमी तराइमा बर्खा लाग्दा पनि पानी नआएपछि भ्यागुताको विवाह गराएको, विद्रोही नेकपा माओवादीले गरेको इलाम आक्रमण र कर्मचारी अपहरण जस्ता खबर संवाददाताकै स्वरबाट प्रसार गरिएका थिए । प्रविधिको अभावमा संवाददाताले अन्य व्यक्तिको आवाज रेकर्ड गर्न गाह्रो हुने भएकाले यस्ता आवाज प्रायः संवाददाताकै हुन्थे । तर प्रत्यक्ष विवरणमा भने उनीहरूले सम्बन्धित व्यक्तिलाई पनि फोनकै छेउमा ल्याएर छोटो भनाइ प्रश्नोत्तर शैलीमा सोध्थे र यो प्रसार हुन्थ्यो । संवाददातासँग प्रसारणपूर्व नै विषयबारे छलफल हुन्थ्यो ।

यसबाहेक रेडियो सगरमाथाले विभिन्न सामाजिक विषयवस्तु समेट्ने छोटा-छोटा रेडियो रिपोर्ट पनि समाचारमा प्रसार गर्ने गरेको थियो । यस्ता रिपोर्टहरू एक-डेढ मिनेट लामा हुन्थे र यिनले शिक्षा, जनस्वास्थ्य, सवारी आवागमन, लागू औषध दुर्व्यसन, बजार भाउ, भाडाका सवारी साधन, सुशासन, भ्रष्टाचार, सडक, विद्यालय, लैङ्गिक समता, कृषि  मौसम, मानवीय अभिरुचिका घटना र विषयहरू समेट्थे । यस्ता रिपोर्टहरूमा घटनाका ध्वनि प्रभाव (साउण्ड इफेक्ट) सम्बन्धित व्यक्तिहरूका आवाजहरू प्याकेजका रूपमा समेटिएका हुन्थे । तर यस्ता रिपोर्ट समाचार कक्षका संवाददाताहरूले मात्रै बनाउन सक्थे । किनकि उनीहरूलाई रेकर्डर उपलब्ध गराइएको थियो तर बाहिरका संवाददातालाई रेकर्डर उपलब्ध गराउन सकिएको थिएन । उनीहरूले अर्काको भनाइलाई लिखित रूपमा नै उद्धृत गर्थे ।

सामान्यतया दिनको एउटा रिपोर्ट समाचार कक्षले तयार गर्ने भन्ने चलन बसेको थियो । बाहिरका संवाददाताका विवरण पनि फाट्टफुट्ट उनीहरूकै स्वरमा प्रसार हुन्थे ।

## पत्रपत्रिकाको सँगालो

रेडियो सगरमाथाले पत्रपत्रिकाको खबर आफ्नो एउटा सूचनामूलक कार्यक्रमको रूपमा सुनाउन थालेको हो । *पत्रपत्रिकाको सँगालो* प्रसार गर्नुको एउटै उद्देश्य, पत्रपत्रिका पूर्ण रूपमा हेर्न नभ्याउने सहरी वर्ग र पत्रिका ढिलो पाउने वा पाउँदै नपाउने ग्रामीण वर्ग अनि किनेर पढ्न नसक्ने वर्गलाई पत्रिकाका समाचारबारे थाहा होस् भन्ने नै थियो । तसर्थ यो कार्यक्रमबाट प्रसार हुने खबर रेडियोका आफ्नै उत्पादन नभई बिहान निस्कने पत्रपत्रिकाका खबर हुने गर्थे । पत्रिकाका खबर प्रसारण गर्दैछौँ भनेर पत्रिकाका व्यवस्थापकहरूसँग पहिले नै मौखिक जानकारी गराइएको थियो र मौखिक सहमति लिइएको थियो । उनीहरूबाट 'हाम्रो पनि प्रचार हुने र जनतालाई सूचित पनि गर्ने भएकाले यसो गर्दा हाम्रो आपत्ति हुनै सक्दैन तर हामीलाई उद्धृत गर्न चाहिँ नबिर्सनुहोला' भन्ने कुरा आएको थियो । त्यसैअनुसार रेडियो सगरमाथाले यस्ता समाचार प्रसार गर्दा कुन पत्रिकाको कुन पृष्ठमा छापिएको जस्ता जानकारीका साथै संवाददाताको नाम रहेछ भने त्यो पनि उल्लेख गर्ने परम्परा सुरु गऱ्यो ।

२०५६ सालको माघतिर रेडियो सगरमाथाले *पत्रपत्रिकाको सँगालो* सुरु गरेको हो । त्यति खेर स्टेसन म्यानेजरको भूमिका सञ्चालक समितिका सदस्य हेमबहादुर विष्टले निर्वाह गरेका थिए । बिहान ६:३० मा *पत्रपत्रिकाको सँगालो* सुरु हुनेवाला थियो । स्टुडियोभित्र प्रवेश गरिसक्नुपर्ने बेलासम्म पनि दैनिक पत्रिकाहरू स्टेसनमा नआइपुगेपछि म र सञ्जीव पत्रिकाबिना नै स्टुडियोभित्र प्रवेश गऱ्यौँ । अनि अघिल्लो रातिसम्म आफूलाई जानकारी भएका खबरहरू कुराकानीको शैलीमा भन्न थाल्यौँ । १० मिनेट जति पछि बल्ल पत्रपत्रिका आइपुगे । आँखा अगाडि जुनजुन खबर देखिए, तिनैतिनै खबर पढ्दै त्यो पहिलो बिहानको *पत्रपत्रिकाको सँगालो* प्रसार गरियो । कहाँबाट पत्रिका ल्याउने भनेर पहिले नै कुरा भएको थियो । नयाँ सडकबाट ल्याए भइहाल्छ नि भनेर हाम्रो गाडी नयाँ सडकमा पत्रिका लिन गयो । माघको बेला, बिहान ६:०० बजे राति नै जस्तो हुने । नयाँ सडकमा सबै पत्रिका आइपुगेकै हुँदा रहेनछन् । पत्रिका लिन जानेहरू भेटिएका पत्रिका लिएर आउनुको साटो सबै पत्रिका कुर्न थालेछन् । यस घटनाले के थाहा दियो भने एकाबिहानै पत्रिका पाउन सजिलो रहेनछ । पत्रिका स्टेसनमा आइसकेपछि पनि कमसेकम त्यो पत्रिकामा मुख्य खबरहरू के कस्ता रहेछन् ?


तिनको भाषा कस्तो छ ? समाचार पूरै वा कतिसम्म पढ्ने ? कतिओटा समाचार दिने ? कुन पत्रिकापछि कुन पत्रिका पढ्ने ? दुईजना बीचमा वाचनका लागि कसरी संयोजन गर्ने ? जस्ता प्रश्नको उत्तर खोज्न भ्याउनुपर्ने हुन्छ । कमसेकम ३० मिनेटअघि पत्रिका आइपुग्यो भने मात्र हतारो कम हुन सक्छ । स्टुडियोभित्र पस्ने बेलामा पनि पत्रिका नआइपुगेपछि त प्रस्तोताको होसहवास उडिसकेको हुन्छ । त्यत्रो लामो समय के भनेर बिताउने भन्ने समस्या खडा भइहाल्छ ।

करिब एक साता एउटा दुइटा पत्रिकाबाट मात्रै *पत्रपत्रिकाको सँगालो* सुनाउनुपर्‍यो । त्यसपछि खोज्दै जाँदा एकजना भाइ भेटिए– गोकुल दुलाल । उनी पत्रिका वितरक रहेछन्, *स्पेसटाइम दैनिक*मा । उनले बाचा गरे– ६:०० बजेभित्रमा पत्रपत्रिका जसरी पनि रेडियो सगरमाथामा ल्याइपुर्‍याउने । नभन्दै यस्तै भयो । दुई महिनापछि हामीले बिहान अझ सखारै खबर थाहा होस् भनेर यसलाई ६:०० बजे सार्‍यौँ । क्रमैसँग यसको लोकप्रियता बढ्दै गयो । बिहानको समयमा घरै बसीबसी खबर थाहा पाउन चाहनेहरू पहिले पत्रपत्रिकाको खबर थाहा पाउँथे अनि बीबीसी वर्ल्ड सर्भिसको *वर्ल्ड टुडे*मार्फत अन्तर्राष्ट्रिय खबर सुन्थे । बिहानको हावा खान डुल्नेहरू पनि रेडियो बोकेर सुन्दै हिँड्थे । बिहानै नगरबसहरूमा समेत रेडियोबाट खबर सुन्ने चलन बस्दै गयो ।

२०५९ तिर रेडियो सगरमाथाले प्रसार गर्ने बीबीसी वर्ल्ड सर्भिसअन्तर्गतको *वर्ल्ड टुडे* कार्यक्रमको समयमा भएको हेरफेरका कारण रेडियो सगरमाथाले *पत्रपत्रिकाको सँगालो* बिहान ६:१५ मा प्रसार गर्न थाल्यो । *वर्ल्ड टुडे* चाहिँ बिहान ५:४५-६:१५ सम्म प्रसार हुन्थ्यो । पछि *पत्रपत्रिकाको सँगालो* काठमाडौँ उपत्यकाबाहिर हिमचुली एफएम (पोखरा), रेडियो लुम्बिनी (रुपन्देही) र रेडियो स्वर्गद्वारी (दाङ) मा पनि प्रसार हुन थाल्यो । रेडियो लुम्बिनीले २०५६ फागुनदेखि, हिमचुली एफएमले २०५८ साउनदेखि र रेडियो स्वर्गद्वारीले २०५८ पुसदेखि यो कार्यक्रम प्रसारण गर्न थालेका थिए। सबै स्टेसनहरूमा एकै समयमा यो कार्यक्रम बज्ने गर्थ्यो ।[६] निकै समयसम्म *पत्रपत्रिकाको सँगालो* १५ मिनेट मात्र प्रसार भयो । उपत्यकाबाहिरका श्रोताहरूबाट *पत्रपत्रिकाको सँगालो* छोटो भयो

[६] रेडियो सगरमाथासँग सुरुमा दुई लाइनको टेलिफोन हाइब्रिड थियो । टेलिफोनको आवाजलाई स्टुडियोमा बोल्नेको बराबर लेबलको हुने गरी प्रसारण योग्य बनाउन टेलिफोन हाइब्रिडले महत्त्वपूर्ण काम गर्दछ । यसमार्फत दुई लाइन टेलिफोनको प्रयोग गरेर एक लाइन रेडियो लुम्बिनीमा र एक लाइन हिमचुली एफएममा पठाइयो । यसका लागि सम्बन्धित स्टेसनहरूले नै फोन गर्थे । रेडियो स्वर्गद्वारीले दाङबाट रेडियो लुम्बिनीलाई फोन गर्थ्यो र त्यहीँबाट *पत्रपत्रिकाको सँगालो* फोनमार्फत प्राप्त गरी प्रसार गर्थ्यो ।

भनेर समय बढाउन सम्बन्धित स्टेसनहरूमार्फत दबाब आइरहे । काठमाडौँ उपत्यकामा पनि फोनमार्फत र भेटघाटमा पत्रपत्रिकाको समाचार अलिक विस्तृत रूपमै आए राम्रो हुन्थ्यो भन्ने सुझाव पाएपछि २०६० सालदेखि रेडियो




तस्बिर ६.२: *पत्रपत्रिकाको सँगालो*मा प्रसारण हुने विषयको समय विभाजन (२०६० असोज १ गतेदेखि लागू)

सगरमाथाले यसको समय २० मिनेटको बनायो । २०६१ सालदेखि त झन् बढाएर आधा घण्टाको बनाइयो । अन्य एफएम रेडियोहरूले पत्रपत्रिकाका खबर प्रसार गर्ने समय धेरै भएकाले पनि समय बढाउन एक खालको दबाब रेडियो सगरमाथालाई परिरहेकै थियो ।

## *विषयवस्तुको छनोट र समय विभाजन*

पत्रपत्रिका समाचार छनोट गर्नका लागि २०६० साल असोज १ गते रेडियो सगरमाथामा एउटा आन्तरिक निर्देशिका जारी गरिएको थियो । त्यस निर्देशिकामा कस्तो

विषयवस्तुलाई कति स्थान दिने भन्ने स्पष्ट उल्लेख छ (हेर्नुहोस् तस्बिर ६.२) । *पत्रपत्रिकाको सँगालो*का लागि समाचार छनोट गर्दा पत्रिकाले मुख्य स्थानमा राखेको पहिलो पृष्ठको समाचारलाई नै एक नम्बर समाचारका रूपमा लिने गरिन्थ्यो । यसरी एक नम्बर समाचार एकैपल्ट धेरै पत्रिकाले छापेका रहेछन् भने समाचारले समेटेको विषयवस्तुका आधारमा छनोट हुन्थ्यो । आवश्यकताअनुसार दुई वा बढी पत्रिकाबाट आंशिक रूपमा समाचार साभार गरेर पनि वाचन गरिन्थ्यो । समाचार चयन गर्दा बढी पत्रिकामा बढी महत्त्व पाएकोलाई नै दुई वा तीन गर्दै स्थान दिइन्थ्यो । यस्ता समाचारहरूमा राजनीतिक गतिविधि, दुर्घटना, मानव अधिकार आदि हुने गर्दथे भने सामाजिक र मानवीय रुचिका समाचारहरू नछुटून् भनेर सकभर सबै खाले समाचार समेट्नका लागि समयावधि छुट्याएर विकास निर्माण, स्वास्थ्य, लैङ्गिक समता, अर्थ, वाणिज्य, खेल आदि समाचारलाई स्थान दिइन्थ्यो । तस्बिर ६.२ ले पनि यो कुरा स्पष्ट गरेको छ ।

## समाचारको उपलब्धि / प्रभाव

रेडियो सगरमाथाले आफ्नो समाचार बुलेटिन सुरु नगरेको बेला *हाम्रो खाल्डो*को लोकप्रियता थियो । मूलधारका भन्दा भिन्न सामाजिक विषयवस्तु समेटी बोलचालको भाषामा प्रस्तुत गरिएकाले *हाम्रो खाल्डो* लोकप्रिय हुन पुगेको थियो । *हालचाल* सुरु गरेपछि काठमाडौँ उपत्यका र वरपरका बासिन्दाहरूले भिन्न स्वादका समाचार सुन्ने मौका पाए । रेडियो नेपालबाट प्रसारण हुने समाचारमा जनस्तरमा भएका सार्वजनिक क्रियाकलाप र सामुदायिक गतिविधिहरू समेटिँदैनथे ।

आफ्नै आँखाअगाडि भएको घटनाको जानकारी पनि रेडियो नेपालबाट सुन्न पाइँदैनथ्यो । २०३६ सालको विद्यार्थी आन्दोलन, त्यसपछि घोषित जनमत सङ्ग्रह, २०३९ सालको विपी कोइरालाको निधन र उनको अन्तिम संस्कारका लागि निस्केको जुलुस, २०४२ सालको नेपाली काङ्ग्रेसको सत्याग्रह, त्यही बेलाको बम काण्ड, २०४६ सालको जनआन्दोलन, २०४८ सालको कर्मचारी आन्दोलन लगायत कैयौँ राष्ट्रियस्तरका घटनाहरूबारे नेपाली जनताले नेपाली रेडियोबाट सूचना पाउन सकेनन् । यी त केही उदाहरण मात्र हुन् । यस्ता प्रशस्तै घटना र गतिविधिहरू रेडियो नेपालको समाचारका विषय बन्दैनथे । केही घटनाबारे समाचार आइहाले पनि त्यसको प्रस्तुति एकपक्षीय हुन्थ्यो । २०४६ सालकै आन्दोलनको उदाहरण लिउँ । रेडियो नेपालले समाचारमा आन्दोलनको खबर दिँदैनथ्यो । आन्दोलन दबाउने खालका विरोधी कुरा मात्रै प्रसार गर्थ्यो । आन्दोलनकारीलाई 'कुत्सित तत्त्व', 'अराष्ट्रिय तत्त्व', 'भेडाको छाला ओढेका

ब्वाँसाहरू' भन्थ्यो । यसै हुनाले नै देशभित्रकै विषयमा जानकारी पाउनका लागि पनि बीबीसी नेपाली सेवा, अल इण्डिया रेडियो आदि सुन्नुपर्ने बाध्यता थियो ।

रेडियो सगरमाथाको स्थापनापछि सूचना प्रवाहमा स्थानीयस्तरमै विकल्प उपलब्ध भयो र मानिसहरूलाई समाचारको खुल्दुली मेट्न सजिलै सम्भव भयो । पछि अन्य स्वतन्त्र रेडियोहरू पनि स्थापित भए र समाचारका कार्यक्रम प्रसारण गर्न थाले । यसले मानिसहरूको रेडियो सुन्ने बानीमा परिवर्तन ल्यायो । बिहान ओछ्यानदेखि राति नसुतुञ्जेलसम्म रेडियो मानिसहरूको साथी बन्न पुग्यो । कुनै पनि बेला कुनै पनि खालको ताजा खबर आउन सक्ने, खबरमा घटनास्थलबाट प्रत्यक्ष विवरण प्रस्तुत हुने, आफ्नै आँखाअगाडि भएको घटनाको विवरण त्यति नै खेर रेडियोबाट पाइने हुनाले पनि मान्छेहरूमा रेडियो सुन्ने बानी हुन थाल्यो । रेडियो सगरमाथाका *हालचाल, उपत्यका सेरोफेरो, पत्रपत्रिकाको सँगालो, खेल गतिविधि* आदि कार्यक्रमले श्रोताहरूको विश्वास पाउन थाले ।

*पत्रपत्रिकाको सँगालो* बिहान छ बजे नै प्रसार गर्दा बिहान ओछ्यानमै सबै थरी पत्रपत्रिकाका प्रमुख खबरहरू मानिसहरूले थाहा पाउन थाले । पत्रिकाको पहुँच नभएका गाउँ, पत्रिका पढ्न नसक्ने निरक्षर र पत्रिका किनेर पढ्न नसक्नेहरूका लागि रेडियो सरल र सहज ढङ्गले खबर थाहा पाउने माध्यम बन्यो । *हालचाल*बाट प्रसारित खबरहरूबाट स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय गतिविधि र घटनाहरूबारे जानकारी पाउने कुरा त छँदै थियो । त्यसबाहेक रक्त सञ्चार केन्द्रमा कुनै समूहको रगतको अभाव भएको, अस्पतालमा भर्ना भएको गम्भीर अवस्थाको बिरामीलाई रगतको अभाव भएको जस्ता खबर प्रसार गरेर *हालचाल*ले मान्छेको ज्यान बचाउन सहयोग पुऱ्याएको छ । काठमाडौँ उपत्यकामा कुनै खास घटना वा अवसरका बेला ट्राफिक रुटबारे जानकारी दिने गरेको छ । सडकमा अवरोध भएको खबर दिएर यात्रुहरूलाई वैकल्पिक बाटो रोज्न सघाएको छ । २०६१ सालमा मलेसियामा अलपत्र परेका १२ जना नेपालीबारे समाचार प्रसार भएपछि त्यहाँको शाही नेपाली राजदूतावासको प्रयासमा ती बाह्रै जनाको उद्धार हुन सक्यो ।

यस्ता घटनाबाहेक प्रजातन्त्रका लागि हुने आन्दोलनहरू, नागरिक समाजका गतिविधि र भ्रष्टाचारविरुद्धका गतिविधिहरूलाई स्थान दिएर प्रजातन्त्र, सुशासन र विधिको शासनप्रतिको जनताको जागरुकताका लागि मद्दत पुऱ्याएको छ । महालेखा परीक्षक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा लोक सेवा आयोग र अदालतका प्रतिवेदन तथा गतिविधि अनि अनियमितता प्रसार गरेर संवैधानिक निकायहरूलाई बलियो बनाउन काम गरेको छ । समाचारमा जनताको

आवाज (भक्स-पप) प्रसार गरेर कुनै घटनामा जन-प्रतिक्रिया र धारणा के रहेछ भनेर बुझ्न सघाएको छ। रेडियो सगरमाथाबाट प्रसारित समाचारमूलक कार्यक्रमहरूबाट जनमानसमा के कस्तो प्रभाव पर्‍यो भनेर अहिलेसम्म अनुसन्धान भएको छैन। अनुसन्धान भएमा यसबारे विस्तृत जानकारी हुन सक्दो हो। तर समग्रमा भन्नुपर्दा रेडियो सगरमाथा छिटो, छरितो र निष्पक्ष ढङ्गले समाचार प्रसार गर्न कटिबद्ध छ र यसबाट नागरिकहरूमा आफ्ना अधिकारप्रतिको जागरुकता पैदा गर्नमा मद्दत पुगेको अनुमान गर्दा अन्यथा हुँदैन।

## सम्पादकीय नीति र समाचारको प्राथमिताका आधारहरू

धेरैपल्ट धेरैसँग भेट हुँदा सोधेका छन्, तपाईंहरूको सम्पादकीय नीति के हो ? रेडियो सगरमाथाका सदस्यहरूले ठटचौलो पारामा भन्ने गरेका छन्, नेपाल अधिराज्यको संविधान २०४७ नै हाम्रो सम्पादकीय नीतिको मूल आधार हो। अर्को प्रश्न आउने गरेको छ, कसरी ? उत्तर हो– नेपाल अधिराज्यको संविधान २०४७ ले गर्न हुँदैन भनेका कुरा नगर्ने, हुन्छ भनेका कुरा गर्ने। यसका अतिरिक्त राष्ट्रिय प्रसारण ऐन २०४९ ले गर्न भनेका र नभनेका कुराको हेक्का राख्नु नै रेडियो सगरमाथाको मूल सम्पादकीय नीति हो। तर यतिले मात्रै रेडियो सगरमाथाको समाचार नीति पूर्ण हुन सक्दैन। समाचार प्रसारणमा दैनिक आउने समस्यालाई ध्यानमा राखी नेपाल वातावरण पत्रकार समूहले २०५७ सालमा रेडियो सगरमाथाको सम्पादकीय नीति तयार गरेको थियो जुन अद्यापि कायम छ (हेर्नुहोस् बक्स नं. ६.१)।

### बक्स नं. ६.१: रेडियो सगरमाथाको सम्पादकीय नीति २०५७

सामुदायिक प्रसारण सेवा भएका कारण रेडियो सगरमाथाको सम्पादकीय नीति समुदाय उन्मुख हुनेछ। यसका सूचनामूलक कार्यक्रमहरू समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक मान्यतासँग सम्बन्धित हुनेछन्। यससँगै समुदायको चासो जोडिएका हरेक विषयलाई सगरमाथाले आफ्नो कार्यक्रमको सीमाभित्र राख्नेछ। सर्वसाधारणले समेत चासो राख्ने राजनीतिक विषयलाई पनि समेटिनेछ। तर पार्टीभित्र मात्र अर्थ राख्ने पार्टी राजनीतिलाई समावेश गरिने छैन।

सूचनामूलक कार्यक्रम निर्माण प्रक्रियामा विशेष सजगता अपनाइनेछ। स्रोतमाथि मात्र निर्भर रहेर सामग्री प्रसारण गर्दा त्यसको विश्वसनीयता र जोखिममाथि ध्यान दिइनेछ। सामान्यतया ‘क्रस चेक’ गरेको सामग्रीलाई मात्र प्रसारणयोग्य मानिनेछ।

त्रुटि नहोस् भन्ने उद्देश्यले सूचनाको हरेक पक्षमा सकेसम्म ध्यान दिइनेछ। तर मानवीय कमजोरी वा काबुबाहिरको स्थितिले कुनै गल्ती, कमजोरी भएमा इमान्दारीपूर्वक

सच्याइनेछ । नेपाल अधिराज्यको संविधान, राष्ट्रिय प्रसारण ऐन, राष्ट्रिय प्रसारण नियमावली र पत्रकार आचारसंहिताको पालना गरिनेछ ।

सूचना सम्प्रेषणको प्राथमिकताः

१) काठमाडौँ उपत्यकाभित्रका सामाजिक, आर्थिक, सांस्कृतिक र मानवीय चासोका विषय त्यसमा पनि वातावरण र दिगो विकाससँग सम्बन्धित सूचनामूलक कार्यक्रमहरूलाई पहिलो प्राथमिकता दिइनेछ ।

२) सहरीकरणका उपलब्धिसँगै भित्रिएका समस्याहरू र सहरीकरणका कारण मारमा परेका नजिकैका ग्रामीण समुदायका चासोका विषयहरू प्राथमिकताका साथ प्रसारण गरिने छन् ।

३) नीति निर्माताहरूको ध्यान नगएको वा गलत दृष्टिकोण राखिएको भन्ने व्यवहारमा देखिएका विषयहरूमा तथ्य र वस्तुपरक कार्यक्रमहरू प्राथमिकता साथ प्रसारण गरिनेछन् ।

४) काठमाडौँ उपत्यकाभन्दा बाहिरको तर सो कार्यक्रमले उपत्यकावासी अझ खास गरी नीति निर्माताहरूलाई केही सन्देश दिन सक्ने देखिएका विषयवस्तुहरू प्राथमिकताभित्र पर्नेछन् ।

५) महिला, बालबालिका, दलित र जनजातिसँग सम्बन्धित विषयलाई महत्त्वका साथ प्रसारण गरिनेछ ।

६) नीतिगत पक्षमा एक मत भएको र आरोप प्रत्यारोप लगाउने दुवै पक्षको पर्याप्त भनाइ समावेश गरिएको राजनीतिक सूचना वा सूचनामूलक कार्यक्रम प्रसारणयोग्य मानिनेछ ।

देहायका विषयमा कुनै कार्यक्रम प्रसारण गरिने छैनः

१) नेपाल अधिराज्यको सार्वभौमसत्ता र अखण्डता विरुद्ध हुने ।

२) संवैधानिक राजतन्त्रको प्रतिष्ठामा आँच पुऱ्याउने ।

३) नेपाल अधिराज्यको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पार्ने र सर्वसाधारण जनताको नैतिकता र आचरणविरुद्ध हुने ।

५) विभिन्न जातजाति, धर्म, वर्ण र सम्प्रदायका बीच वैमनस्य ल्याउने र समाजमा दुर्भावना फैलाउने ।

६) प्रवक्ता वा आधिकारिक व्यक्तिको भनाइ वा फैसलाको व्यहोरा उल्लेख नगरिएको अदालतसम्बन्धी सूचना वा कार्यक्रम ।

७) नीति निर्माताहरूको ध्यानाकर्षण गराउने र उनीहरूको गल्ती कमजोरी सच्याउन मद्दत पुऱ्याउनेबाहेक सिङ्गो संसदीय व्यवस्था र बहुदलीय प्रणालीविरुद्ध हुने सामग्री ।

८) संसदको विशेषाधिकारभित्र पर्ने विषयसम्बन्धी कार्यक्रम ।

९) आरोपित व्यक्ति वा उसको प्रतिनिधिको प्रतिक्रिया समावेश नगरिएको कुनै सामग्री ।

स्रोतः रेडियो सगरमाथाको अभिलेख ।

यसअघि पनि रेडियो सगरमाथाले २०५६ फागुनमा समाचार तथा सूचनामूलक कार्यक्रम निर्माता र प्रस्तोताहरूले विचार पुऱ्याउनुपर्ने कुराहरू जारी गरेको थियो, जुन एक ढङ्गले सम्पादकीय नीति जस्तै थियो । त्यसमा भनिएको थियो–

१) तल लेखिएका विषयहरूमा समाचार, सूचना, विचार प्रवाहित गर्दा विशेष सतर्कता अपनाउनुहोस् र संवेदनशील बन्नुहोस् । विवादास्पद, आधिकारिक स्रोत नखुलेका र जिम्मेवारी नलिइएका सूचनाहरू प्रवाहित नगर्नुहोस् ।

क) श्री ५ र राजपरिवारसँग सम्बन्धित,

ख) राष्ट्रिय सुरक्षा र शाही नेपाली सेनासँग सम्बन्धित,

ग) माओवादीसँग सम्बन्धित,

घ) व्यक्तिगत आक्षेप, आरोप-प्रत्यारोप, व्यक्तिको मानहानि र गोपनीयतासँग सम्बन्धित,

ङ) विभिन्न जातजाति, धर्म, वर्ग र सम्प्रदायसँग सम्बन्धित,

च) अदालत (अवहेलना) र संसद (मानहानि) सँग सम्बन्धित,

२) रेडियो सगरमाथाको तर्फबाट बोलिँदा श्री ५, प्रधानमन्त्री, राजनीतिक दलका नेताहरू, संवैधानिक अङ्गका प्रमुखहरूलगायत समाजबाट प्रतिष्ठा प्राप्त संस्था र व्यक्तिहरूलाई सम्बोधन गर्दा आवश्यक शिष्टता र मर्यादा राख्नुपर्ने दायित्वलाई नबिर्सनुहोस् ।

३) नबिर्सनुहोस्ः नेपालको भाग्य र भविष्य निर्धारण गर्ने नीति निर्माता र त्यसलाई कार्यान्वित गर्नेहरूका साथसाथै हजारौँ जनता तपाईंले बोल्ने प्रत्येक शब्द, वाक्य र लवजलाई अत्यन्तै चनाखो भएर सुन्ने र मनन् गर्ने गरिरहेका हुनेछन् ।

स्रोतः रेडियो सगरमाथा अभिलेख ।

यसका अलावा नेपाल अधिराज्यको संविधान २०४७, राष्ट्रिय प्रसारण ऐन तथा प्रसारण इजाजत समेतलाई ध्यानमा राखी रेडियो सगरमाथाले अहिले (२०६२ भदौ) आफ्नो प्रसारण निर्देशिका तयार गरिरहेको छ । कुनै पनि समाचार उही रूपमा तीन पटकभन्दा बढी प्रसार नगर्ने नीति हामीले बनाएका थियौँ । तीन पटकभन्दा बढी प्रसारण हुनैपर्ने हो भने समाचार संयोजक वा समाचार निर्देशकसँग परामर्श गर्नुपर्थ्यो । कुनै समाचार एक बुलेटिनबाट अर्को बुलेटिनसम्म पुग्दा पनि सकेसम्म अनुगमन गर्दै पुनर्लेखन गर्ने समझदारी कायम गरिएको थियो । जस्तैः कहीँ भिडन्तको खबर आयो भने त्यो खबरले पहिलो, दोस्रो र तेस्रो बुलेटिनमा समेत अद्यावधिक हुँदै जानुपर्‍यो र चौथो पल्ट प्रसार हुने हो भने त्यसमा केही नवीनता हुनुपर्‍यो । यस्तो समझदारी भए पनि मानवीय भूल र कहिलेकाहीँ समन्वयको अभावमा चार या पाँच बुलेटिनसम्म पनि एउटै समाचार बज्न पुगेको मलाई सम्झना आउँछ । गल्तीबारे समाचार कक्षमा खुलेर समीक्षा गरिन्थ्यो र के कारणले यसो भएको भनेर कारण खोजिन्थ्यो । सकभर त्यस्तो गल्ती नदोहोरियोस् भन्नेतिर सचेत हुनेबारे कुराकानी हुन्थ्यो ।

*हालचाल*का लागि समाचारका प्राथमिकता क्रम सामान्यतया पत्रकारिताको सिद्धान्त र रेडियो सगरमाथाको सम्पादकीय नीतिकै आधारमा निर्धारण गरिन्थ्यो । राजा राष्ट्र प्रमुख भएकाले राजाको सार्वजनिक गतिविधि र भाषणलाई सम्मानका

हिसाबले प्राथमिकतामा राखिएको थियो । अरू नेता वा सार्वजनिक व्यक्तिहरूको सन्दर्भमा उनीहरूले बोलेका वा गरेका क्रियाकलाप कति महत्त्वपूर्ण छन्, त्यसैका आधारमा समाचार बनाइन्थ्यो । कहीँ दुर्घटना भयो वा झडप भयो र मान्छेको ज्यान गएको छ भने त्यो समाचारलाई महत्त्व दिइन्थ्यो । त्यस्तै दलका समाचारहरूलाई प्राथमिकता दिइन्थ्यो । कहीँ बन्द भएर जनजीवन कठिन भएको छ भने त्यस्तो घटनालाई पनि स्थान दिइन्थ्यो । तर पहिले नै बन्द हुँदैछ भनेर समाचार दिँदा मान्छेमा त्रास हुन्छ भनेर यस्ता समाचार प्रसार गरिँदैनथ्यो । जस्तै विद्रोही नेकपा माओवादीले गर्ने बन्दकै कुरा गरौँ । बन्द भनेर हल्ला चल्थ्यो तर त्यस्तो बन्दको पुष्टि हुँदैनथ्यो । राजमार्ग बन्द भएको खबर छ भने प्राथमिकता दिएर प्रसार गरिन्थ्यो किनकि कोही लामो यात्रामा निस्केर दुःख नपाऊन् भन्ने हामी चाहन्थ्यौँ ।

सामान्यतया घटना लुकाएर समाजलाई कहिल्यै पनि फाइदा हुँदैन । तर संवेदनशील विषयलाई समाचारको रूपमा समेट्दा त्यसको प्रस्तुतिमा धेरै ध्यान पुऱ्याउनु पर्छ । त्यसैले सबैखाले घटना रेडियो सगरमाथाले आफ्नो समाचारमा सावधानीपूर्वक समेट्थ्यो । समाज आतङ्कित हुने खालका घटना रहेछन् भने केही ढिला गरी वा कम महत्त्वका साथ प्रसार गरिन्थ्यो । जस्तैः माओवादीका हिंसात्मक खबरलाई बहादुरी भयो भन्ने अर्थ लाग्ने गरी नदिने हाम्रो नीति थियो । त्यस्ता घटनालाई समाचारमा स्थान दिँदा हिंसाजनक नै हो भन्ने बुझिने गरी प्रस्तुत गरिन्थ्यो । रेडियो सगरमाथाले हिंसा र द्वन्द्वलाई बढाउने खालका अतिरञ्जित समाचारहरू कहिल्यै पनि प्रसार गरेन । शान्ति स्थापनाका लागि उठेका आवाजहरूलाई समाचारमा राम्रै स्थान दिएको थियो । समाचारमा राष्ट्रिय र स्थानीय घटनालाई ६०-७० प्रतिशत र अन्तर्राष्ट्रिय समाचार, खेलकुद एवं मौसमलाई ३०-४० प्रतिशत स्थान दिइन्थ्यो ।

## समाचार प्रसारणमा आइपरेका बाधा अवरोध

रेडियो सगरमाथाले समाचार प्रसारणका लागि सुरुदेखि नै सङ्घर्ष गर्नु पऱ्यो । सुरुमा सूचना तथा सञ्चार मन्त्रालयले समाचार प्रसारणका लागि इजाजत नै दिन मानेन । पछि मन्त्रालयले रेडियो सगरमाथालाई इजाजत दिँदा जारी गरेका 'क' देखि 'ण' सम्मका १५ ओटा सर्तहरूमध्ये सर्त 'ङ' मा भनिएको थियो– "कृषि, शिक्षा, स्वास्थ्य, परिवार नियोजन, जनसङ्ख्या, पर्यटन, वन, वातावरण, विज्ञान तथा प्रविधि, उद्योग, वाणिज्य र सामुदायिक विकाससम्बन्धी कार्यक्रम प्रसारण गर्न पाइने तर राजनीतिक विश्लेषणसम्बन्धी समाचार प्रसारण गर्न नपाइने ।" रेडियो सगरमाथाका लागि लगाइएको यो सर्तले संविधान र राष्ट्रिय प्रसारण

ऐनको मर्म र भावनालाई नै गिज्याएको छ । किनकि संविधानले नेपाली नागरिकलाई सूचनाको हकको पूर्ण प्रत्याभूति गरेको छ । अर्कातिर राष्ट्रिय प्रसारण ऐन २०४९ को प्रस्तावनालगायत विभिन्न दफामा समाचारलाई स्पष्टै ढङ्गले प्राथमिकतामा पारिएको छ (अध्याय ३ पनि हेर्नुहोस्) ।

ऐनको व्यवस्था एउटा, मन्त्रालयको सर्त अर्को । यस्तो अवस्थामा रेडियो सगरमाथाले स्वतन्त्र प्रसारणमा आफ्नो भूमिका खोज्नु सान्दर्भिक थियो । नेपालमा स्वतन्त्र रेडियोको प्रसारण दायरा सङ्कुचित हुँदै जानुले भविष्यमा स्वतन्त्र रेडियोको दायरा झन् साँघुरिने डर र आशङ्का थियो । तसर्थ संवैधानिक अधिकारको अभ्यास गर्दै रेडियो प्रसारणलाई विचार तथा अभिव्यक्तिको माध्यम बनाउनुपर्छ भनेर रेडियो सगरमाथा अगाडि बढ्यो । यही रणनीतिका कारण सुरु भएलगत्तै यसले स्थानीय र राष्ट्रिय राजनीतिका समाचारलाई स्थान दिन थाल्यो । तर यसका लागि हामीले अलिकति बठ्याईं पनि गर्‍यौँ । मेयर, मन्त्री, सचिवहरूले विभिन्न सामाजिक कार्यक्रममा गएर बोलेका कुरा *हालचाल*मा राख्न थाल्यौँ । रेडियो सगरमाथाको *डबली* र *आजका कुरा* कार्यक्रममा मन्त्री, सचिव समेतलाई समावेश गर्‍यौँ । यसले गर्दा उनीहरूले पनि विरोध गरिहाल्न सकेनन् ।

सरकारले *हालचाल* सुरु गर्नेबित्तिकै किन समाचार बजाएको भनेर मौखिक रूपमा सोधेकोबाहेक २०५७ पुसअघि समाचार प्रसारणमा प्रत्यक्ष बाधा दिएको थिएन । २०५७ पुस र २०६१ माघ १९ पछि रेडियोबाट बज्ने समाचारमा सरकारले प्रत्यक्ष हस्तक्षेप गरेको थियो । खास गरी यो दुई समयमा *हालचाल*ले निकै खुम्चिनुपर्‍यो ।[७]

२०५७ पुसमा त जननिर्वाचित/प्रजातान्त्रिक सरकार नै मिडियाको दुश्मन भएर निस्क्यो । पत्रकारितालाई नै अगाडि सारेर राजनीतिमा सफल हुन पुगेका

---

[७] यो आलेख तयार हुँदाहुँदै विभिन्न एफएम रेडियोले थप झञ्झट र व्यवधान झेल्नु पर्‍यो । रेडियो सगरमाथा पनि यसबाट अछूतो रहन सकेन । २०६१ मङ्सिर १२ गते राति ९:५० मा सरकारले बीबीसी नेपाली सेवाको रिले प्रसारणमार्फत नेकपा माओवादीका अध्यक्ष प्रचण्डको अन्तर्वार्ता प्रसारण गर्न खोजेको आरोपमा हस्तक्षेप गर्‍यो । स्टेसनबाट पाँचजना रेडियाकर्मीलाई गिरफ्तार गर्नुका साथै बीबीसी रिले गर्ने उपकरण जबरजस्ती उठाएर लगियो । रेडियो सगरमाथाको आन्तरिक नीति सो अन्तर्वार्ता नबजाउने हुँदाहुँदै पनि सरकारले पूरै प्रसारण रोक्न लगायो । मङ्सिर १३ गते स्टेसनका तर्फबाट दायर गरिएको रिटमा सर्वोच्च अदालतले प्रसारण नरोक्न मङ्सिर १४ गते सरकारका नाममा अन्तरिम आदेश जारी गर्‍यो । त्यसपछि मात्रै ४३ घण्टा ४७ मिनेट अवरूद्ध भएको प्रसारण पुनः चालु हुन सक्यो । सरकारले मङ्सिर १४ गते नै अर्को पत्र पठाएर बीबीसी नेपाली सेवा प्रसारण नगर्न रेडियो सगरमाथालाई पुनः आदेश दियो । यसका विरुद्ध पनि रेडियो सगरमाथाका तर्फबाट मङ्सिर १७ सर्वोच्च अदालतमा अर्को रिट दायर गरियो । सर्वोच्च अदालतले मङ्सिर २२ गते बीबीसीको प्रसारण नरोक्न सरकारका नाममा अन्तरिम आदेश जारी गरेपछि त्यसै दिनदेखि बीबीसी नेपाली सेवाको प्रसारणसमेत पूर्ववत् जारी छ ।

जयप्रकाश गुप्ता सूचना तथा सञ्चारमन्त्री भएपछि उनी एफएम रेडियोहरूविरुद्ध खनिए । उनले सबै प्रक्रिया पुगेर पनि दुई/दुई वर्षसम्म रेडियो सगरमाथाको प्रसारण इजाजत नवीकरण प्रक्रिया नै रोक्का गरिदिए । उनले सूचना तथा सञ्चार मन्त्रालय नछोड्दासम्म रेडियो सगरमाथाको फाइल आफ्नै टेबलमा राखेका थिए भनेर त्यहीँका कर्मचारीले कुराकानीका क्रममा हामीसँग भनेका छन् । कुन पूर्वाग्रह वा प्रतिशोधको भावनाले उनले त्यसो गरे भन्ने चाहिँ थाहा हुन सकेन । २०५७ पुसमा त उनले एफएम रेडियोहरूले आफैले समाचार सङ्कलन गरी प्रसार गर्नै नपाउने गरी निर्देशिका जारी गरे । २०५७ पुस १८ गते 'मन्त्रीस्तरबाट भएको निर्णयबमोजिम' भन्दै २०५७ पुस २८ गते सूचना तथा सञ्चार मन्त्रालयले तत्काल सञ्चालनमा रहेका ११ ओटा एफएम प्रसारण संस्थालाई यस्ता सर्त जारी गऱ्यो । यसले स्वतन्त्र ढङ्गले कार्यक्रम प्रसारण गर्ने र समाचार प्रसारण गर्ने कानूनी अधिकारलाई सङ्कुचित पारिदियो (हेर्नुहोस् अध्याय ३) ।

मन्त्रीको आदेशलगत्तै रेडियो सगरमाथाले आपत्ति जनाउँदै आफूले समाचार सङ्कलन गरी प्रसारण गर्न नपाउने सरकारको आदेशविरुद्ध घोषणा गरेरै विरोधस्वरूप करिब एक हप्ता *हालचाल* बन्द गऱ्यो । *हालचाल*सँगै *पत्रपत्रिकाको सँगालो* पनि बन्द गरियो । एक हप्तापछि सरकारको आदेशलाई उल्लङ्घन गर्दै फेरि *हालचाल* प्रसारण गर्न सुरु गऱ्यो । यसमा आफैले सङ्कलन गरेका समाचारहरू नै संलग्न गरिएका थिए । त्यसपछि यो आदेशविरुद्ध मुद्दाको तयारी सुरु भयो । अधिवक्ताद्वय माधवकुमार बस्नेत र सुदीप पौडेललाई आवश्यक प्रमाणका लागि कागजात उपलब्ध गराइयो । उनीहरूले २०५७ माघ १३ गते सर्वोच्च अदालतमा सरकारी आदेश बदर गर्न माग गर्दै रिट दायर गरे । रेडियो सगरमाथाले अदालतको अन्तिम फैसला नहुञ्जेलसम्म निर्वाध *हालचाल*को प्रसारण जारी राख्यो । सर्वोच्च अदालतको फैसलापछि त समाचार प्रसारणका लागि राजमार्ग नै खुला भयो । त्यसपछि रेडियो सगरमाथाले पनि समाचारलाई अझै बिस्तार गर्दै लग्यो र बुलेटिनहरूको सङ्ख्या थप गर्न थाल्यो ।

२०५८ साल जेठ १९ गते शुक्रबार राति राजा वीरेन्द्रको वंश नै समाप्त हुने गरी राजदरवार हत्याकाण्ड भयो । नेपाली मिडिया खासगरी स्वतन्त्र रेडियो र टेलिभिजन पनि यो घटनामा के गर्न हुने र के गर्न नहुने भनेर अलमलिन पुगे । हत्या भएको कुरा पुष्टि नभई प्रसार गर्न नहुने, राजदरवार र सरकार घटनाको पुष्टि नगर्ने । वास्तवमा हामीले वंशैसहित राजाको हत्या भएको समाचार दिन सकेनौँ । सूचना तथा सञ्चार मन्त्रालयबाट 'संयमित रहनू र राजासम्बन्धी खबर औपचारिक रूपमा पुष्टि नभएसम्म प्रसार नगर्नू' भन्ने मौखिक निर्देशन प्राप्त

भएकाले पनि हामीलाई अप्ठ्यारो परेको थियो । तर त्यही बेला पनि राजा वीरेन्द्रको शवयात्राको प्रत्यक्ष प्रसारण रेडियो सगरमाथाले गरेको थियो । अर्कोतिर त्यसै बेला उपत्यकामा वितरण हुने खानेपानीमा विष हालेको हल्ला राजधानीभरि फैलिएको थियो । हामीले नेपाल खानेपानी संस्थानका महाप्रबन्धकसँगको अन्तर्वार्ता प्रसार गरी पानीमा विष मिसिएको छैन भनेर उपत्यकावासीलाई आश्वस्त बनाएका थियौँ ।

२०५८ साल मङ्सिरमा सङ्कटकाल लागू हुँदा सरकारले 'अहिलेको संवेदनशील सन्दर्भमा संयमित भएर समाचार र अन्य सामग्री प्रसार गर्नुहोला' भनेर पत्र पठाएको थियो । त्यही बेला रेडियो सगरमाथाबाट बजेको समाचारको टेप मागिएको थियो । त्यसबाहेक समाचारकै विषयलाई लिएर सरकारले औपचारिक पत्र पठाएर दबाब दिएको थिएन ।

२०६१ माघ १९ पछि समाचारमाथि सरकारका तर्फबाट सबभन्दा ठूलो बज्र प्रहार भयो । माघ १९ गते बिहान १०:०० बजेदेखि राजाले राज्यको सम्पूर्ण शासन आफ्नो हातमा लिए । शाही नेपाली सेनाले रेडियो सगरमाथा लगायत देशका सबै जसो स्वतन्त्र रेडियोमा सशस्त्र प्रवेश गऱ्यो । सुरुमा सेनाले नै एफएम रेडियोको मनोरञ्जनात्मकबाहेकका समाचार र समसामयिकलगायत सबै कार्यक्रममा रोक लगायो । स्वतन्त्र रेडियोसामु देखिएको यो असहज परिस्थितिविरुद्ध विभिन्न तह र तरिकाबाट विरोध गर्दै आन्दोलन गरियो ।[८] स्वतन्त्र रेडियो बचाउ आन्दोलनसमेत गठन भयो र यसले स्वतन्त्र रेडियोको पक्षमा व्यापक आवाज उठाउन थाल्यो ।

२०६२ जेठ ९ देखि आठौँ वर्ष पूरा गरेको अवसर पारेर रेडियो सगरमाथाले बेलुका ७:०० बजे *उपत्यका सेरोफेरो*को प्रसारण सुरु गऱ्यो । यसमा काठमाडौँ उपत्यकामा भएका विभिन्न सामाजिक गतिविधिहरूलाई मात्र समेट्ने गरिएको थियो । २०६२ साउन २६ गते सर्वोच्च अदालतले नेपाल (रेन्बो) एफएमको पक्षमा सरकारका नाममा जारी गरेको अन्तरिम आदेशले अन्य एफएम रेडियोलाई पनि समाचार प्रसारणका लागि एक किसिमले बाटो खोलेको थियो । रेडियो सगरमाथाले त्यसको भोलिपल्टै (साउन २७) देखि आफ्नो छ महिनादेखि स्थगित *हालचाल* फेरि प्रसारण गर्न थाल्यो ।[९] सुरुमा बेलुका पौने सात बजे (दैनिक एक पटक) मात्र प्रसारण हुँदै आएकोमा साउन ३२ गतेदेखि  बिहान पौने बाह्र,

[८] माघ १९ पछि रेडियो प्रसारणको अवस्थाबारे अध्याय ४ मा बिस्तारमा चर्चा गरिएको छ ।

[९] रेडियो सगरमाथाका अतिरिक्त अरू एफएम रेडियोले पनि माघ १९ देखि रोकिएका आफ्ना समाचार धमाधम दिन थालको पाइन्छ । यसरी सर्वोच्च अदालतको अन्तरिम आदेशपछि अहिले (२०६२ भदौ) सम्ममा देश भरिका करिब ३२ ओटा रेडियोहरूले समाचार प्रसारण गर्न थालिसकेका छन् ।

अपराह्न पौने पाँच, बेलुका पौने सात र राति पौने दस बजे गरी चार पल्ट प्रसार हुन थाल्यो । यस्तै २०६२ साउन २८ गते बिहानदेखि *पत्रपत्रिकाको सँगालो* पनि प्रसारण हुन थाल्यो । बिहान ६:०० बजे प्रसारित यो कार्यक्रम सुरुमा १५ मिनेट मात्रै प्रसारण गरिएकोमा चार दिनपछि (साउन ३२) देखि आधा घण्टा पुऱ्याइयो ।


## जनशक्ति र व्यवस्थापन प्रक्रिया

*हालचाल*को सञ्चालनका लागि सुरुदेखि नै एउटा सम्पादकीय संरचना बनाइयो । २०५५ मङ्सिरमा *हालचाल* सुरु हुन थालेपछि तत्कालीन कार्यक्रम निर्देशक रघु मैनाली र ममध्ये एक जनाले *हालचाल*को संयोजन गर्ने र सम्पादन गर्ने जिम्मेवारी लियौँ । दुवै जनाले भ्याएमा दुवै जना बस्थ्यौँ । एकले नभ्याए पालोफेरो गर्थ्यौं । रघु मैनाली बिदा भएपछि *हालचाल*को संयोजकको जिम्मेवारी मैले लिएँ । तर तत्कालीन सञ्चालक हेमबहादुर विष्टले बिहानको *हाम्रो खाल्डो*मा मेरो आवश्यकता देखेपछि २०५६ फागुनदेखि *हालचाल*को संयोजन किरण नेपालले गर्न थाले । किरण नेपालपछि मधु आचार्यले र त्यसपछि सञ्जीव अधिकारीले संयोजकको जिम्मेवारी लिए । रघु मैनाली बिदा भएपछि छ महिनाजति कार्यक्रम निर्देशक पद खाली रह्यो । त्यो बेला संयोजकले नै सम्पूर्ण जिम्मेवारी लिए । २०५७ देखि प्रतीक भण्डारीले कार्यक्रम निर्देशकको जिम्मेवारी वहन गरेपछि संयोजकलाई सामान्य सुपरिवेक्षण गर्ने निकाय कार्यक्रम निर्देशक बन्न पुग्यो । २०५७ साउनदेखि प्रतीक भण्डारी स्टेसन म्यानेजर बनेपछि कार्यक्रम निर्देशकको पद फेरि खाली रह्यो । यो पद खाली भएपछि फेरि संयोजकमाथि नै हालचालको जिम्मेवारी आयो । २०६० सालसम्म स्टेसनको साङ्गठनिक ढाँचा तयार भएको थिएन ।


२०६० सालमा पहिलोपल्ट रेडियो सगरमाथाको साङ्गठनिक संरचना लागू भयो । त्यही क्रममा समाचार शाखाको पनि सङ्गठन तयार भयो । विभिन्न पद विभाजन गरी दरवन्दीको व्यवस्था गरियो (हेर्नुहोस् तस्बिर ६.३) । कार्यक्रम तथा समाचार निर्देशक र सम्पादकको पद पहिलोपल्ट सिर्जना गरिएको थियो । त्यसपछि मलाई स्टेसनले कार्यक्रम/समाचार निर्देशकको जिम्मेवारी प्रदान गऱ्यो । त्यस्तै एक जना सम्पादक पनि नियुक्त गरियो । यद्यपि परीक्षणकाल प्रभावकारी हुन नसकेकाले छ महिनापछि सम्पादकलाई अवकाश दिइयो र फेरि तत्कालै सम्पादक नियुक्त गरिएन । त्यसपछि समाचार संयोजक र अनुभवी संवाददाताले नै कपी सम्पादन गर्न थाले । समाचार निर्देशकले नै सम्पादकीय दायित्व लिने व्यवस्था भयो । समाचार संयोजकले निर्देशकको सुपरीवेक्षणमा रही काम गर्ने व्यवस्था भयो । वरिष्ठ संवाददाता पद भने तत्कालका लागि

खाली नै राखिएको थियो । बाँकी पदहरू रेडियो सगरमाथाको समाचार कक्षमा २०६१ माघ १९ सम्म कायमै थिए (हेर्नुहोस् तस्बिर ६.४) । सम्पादक र वरिष्ठ संवाददाताको पद पनि छिटै नै पूर्ति हुन्थ्यो तर माघ १९ पछि सरकारले समाचारमा पूर्ण प्रतिबन्ध लगाएका कारण यो प्रक्रिया पनि रोकियो । समाचार शाखाको काम तत्काललाई नदेखिएपछि रेडियोले आफ्नो समाचार शाखामा कार्यरत जनशक्तिलाई समेत अन्य कार्यक्रममा समायोजन गर्नु परेको थियो ।

माघ १९ अघि समाचारलाई बढी व्यवस्थित बनाउनका लागि हरेक दिन बिहान ११:०० बजेसम्ममा समाचार कक्षको अनौपचारिक बैठक बसी समाचार सङ्कलनका लागि कहाँ को जाने जस्ता तालिका तय गरिन्थ्यो । बिहानदेखि रातिसम्म समाचार प्रसारण हुने भएकाले जनशक्तिलाई तीन सिफ्टमा विभाजन गरिएको थियो । तीन सिफ्टमा समाचार प्रसारण हुने भए पनि बिहानको समाचार चाहिँ समाचार निर्देशकसँग समन्वय गरी बिहानको संयोजकले हेर्ने र दिउँसो तथा बेलुकाको चाहिँ समाचार संयोजकले प्रत्यक्ष हेर्ने गरी व्यवस्था गरिएको थियो ।




तस्बिर ६.३: २०६० पछि रेडियो सगरमाथाको समाचार कक्षको साङ्गठनिक संरचना र दरबन्दी व्यवस्था ।




तस्बिर ६.४: २०६१ माघ १९ अघि रेडियो सगरमाथाको समाचार कक्षमा कार्यरत जनशक्ति ।[१०]

---

[१०] यसमा काठमाडौँ उपत्यका बाहिरका संवाददाता तथा स्थानीय स्वयंसेवी पत्रकारहरूको सङ्ख्या उल्लेख गरिएको छैन ।

बिहानको समूहले बिहान ६:०० बजेको *पत्रपत्रिकाको सँगालो*देखि ११:४५ सम्मका बुलेटिनहरूको जिम्मेवारी लिन्थ्यो । १२:०० बजे पछिदेखि बेलुका ६:४५ सम्मको जिम्मेवारी दिउँसोको समूहले लिन्थ्यो । बिहान आठ जनाको समूह हुन्थ्यो भने दिउँसो पनि त्यति नै जनाको समूह हुन्थ्यो । बिहान ११:०० बजेपछि मात्रै को कहाँ जाने भनेर तय गर्ने हुनाले १२:०० बजे अगाडिका कार्यक्रम वा घटनाको समाचार सङ्कलन गर्नुपरेमा बिहानकै जनशक्तिलाई प्रयोग गरिन्थ्यो । आवश्यक परेमा समाचार संयोजकको संयोजनमा बिहानको सिफ्ट इन्चार्जले दिउँसोको समूहको संवाददातालाई समेत खटाउने गर्दथ्यो । बेलुका ९:४५ बजेको बुलेटिनका लागि दुई जनाको टोली खटिन्थ्यो । यो टोलीले साँझका घटनाहरूको समाचार सङ्कलन बाहेक, टेलिभिजन समाचार, बीबीसी नेपाली सेवा, विभिन्न समाचार एजेन्सी, अनलाइन सेवा, रेडियो समाचार अनुगमन गर्ने र समाचार बुलेटिनलाई अद्यावधिक गर्ने जिम्मेवारी पाएको थियो । यो टोली सामान्यतया काम गर्न स्वतन्त्र हुन्थ्यो । तर समाचार संयोजक वा समाचार निर्देशकसँग समन्वय भने भई नै रहन्थ्यो । मोबाइल फोनका कारण समन्वय सहज थियो ।

सामुदायिक रेडियोमा एउटा व्यक्तिले एउटा मात्र जिम्मेवारी लिँदा जनशक्तिको अभाव हुने भएकाले उपलब्ध जनशक्तिबाटै रेडियोका फरकफरक ढाँचाका कार्यक्रम सञ्चालन गर्नु किफायती हुन्छ । रेडियो सगरमाथा समाचारमा काम गर्ने जनशक्तिले रेडियोका अन्य कार्यक्रम पनि सञ्चालन गर्थे ।[११]

उपत्यकाबाहिरको सङ्कलनका लागि नेपालगञ्ज, धनगढी, पोखरा, सिन्धुपाल्चोक, वीरगञ्ज, झापा, ताप्लेजुङबाट स्वयंसेवक संवाददाताहरूले सघाएका थिए । स्थानीय संवाददाताहरूले रेडियो सगरमाथालाई स्वयंसेवकका रूपमा समाचार पठाउन इच्छा देखाएपछि उनीहरूको इच्छालाई स्वीकार गर्दै समाचार पठाउन भनियो । सुरुमा २०५८ देखि रामेश्वर बोहोरा (नेपालगञ्ज), खगेन्द्र अधिकारी (ताप्लेजुङ) र रवि धामी (महेन्द्रनगर) मात्रै उपत्यकाबाहिरबाट समाचार पठाउने संवाददाता थिए । पछि यो सङ्ख्या बढ्दै गयो (हेर्नुहोस् तालिका ६.३) ।

उपत्यकाबाहिरका समाचारको सङ्कलन र प्रसारण कार्य स्थानीय संवाददातामा मात्र पनि सीमित थिएन । रुपन्देही, दाङ, विराटनगर लगायतका सहरमा अवस्थित

---

[११] यसरी जनशक्तिलाई सबैखाले कार्यक्रममा संलग्न गराइएकाले २०६१ माघ १९ पछि रेडियो सगरमाथाले समाचारको जनशक्तिलाई अन्य कार्यक्रमहरूमा समायोजन गर्न सजिलो भयो । रेडियो सगरमाथाले माघ १९ पछि एक जना पनि सञ्चारकर्मीलाई हटाएन ।

केही स्टेसन सम्मिलित गराई रेडियो सगरमाथाले एक प्रकारको सञ्जाल बनाएको थियो । ती रेडियोहरूमार्फत पनि राष्ट्रिय महत्त्वका स्थानीय घटनाको समाचार लिने र दिने व्यवस्था मिलाइयो । रेडियो सगरमाथाको सञ्जालभित्र रहेका उपत्यकाबाहिरका रेडियो स्टेसनको विवरण पनि तालिका ६.३ मा दिइएको छ ।

**तालिका ६.३: उपत्यकाबाहिर रेडियो सगरमाथाका संवाददाता र सहयोगी रेडियो स्टेसन**

| स्थानीय संवाददाता | | स्थानीय रेडियो | |
|---|---|---|---|
| **नाम** | **स्थान** | **नाम** | **स्थान** |
| चन्द्र कार्की | तेह्रथुम | कञ्चनजङ्घा एफएम | बिर्तामोड, झापा |
| खगेन्द्र अधिकारी | ताप्लेजुङ | कोशी एफएम | विराटनगर, मोरङ् |
| सञ्जय मिश्र | रौतहट | मनकामना एफएम | हेटौँडा, मकवानपुर |
| नेत्र पन्थी | कपिलवस्तु | कालिका एफएम | भरतपुर, चितवन |
| टीकाराम दाहाल | सिन्धुपाल्चोक | रेडियो लुम्बिनी | मणिग्राम, रुपन्देही |
| केशव लामिछाने | पोखरा | रेडियो मदनपोखरा | मदनपोखरा, पाल्पा |
| रामेश्वर बोहोरा | नेपालगञ्ज | रेडियो स्वर्गद्वारी | घोराही, दाङ |
| रवि धामी | महेन्द्रनगर | | |

स्रोतः व्यक्तिगत सङ्कलन ।

समाचार उत्पादन/प्रसारणमा व्यवस्थापनको पनि भूमिका हुन्छ । रेडियो सगरमाथाको कार्यकारी प्रमुख स्टेसन म्यानेजर बारम्बार परिवर्तन भए पनि समाचार र अन्य कार्यक्रमहरूमा त्यसको कम असर पऱ्यो । किनभने समाचार र कार्यक्रम हेर्ने कार्यक्रम प्रमुख वा समाचार संयोजकहरू बेग्लै थिए । समाचारमा सामान्यतया व्यवस्थापन वा मातृ संस्था नेपाल वातावरण पत्रकार समूहबाट कुनै पनि खालको दबाब आउँदैनथ्यो । नीतिअन्तर्गत रहेर चल्न समाचारकर्मीहरू स्वतन्त्र थिए ।

## *शैक्षिक योग्यता र भर्ना*

रेडियो सगरमाथाको कार्यक्रम विभागमा उत्पादक, सञ्चालक वा संवाददाता/समाचारवाचक बन्नलाई कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको हुनुपर्छ । यो नियम पहिले पनि थियो र अहिले (२०६२ भदौसम्म) पनि छँदैछ । समाचार शाखामा काम गर्न चाहिँ पत्रकारिता विषय अध्ययन गरेको वा यससम्बन्धी तालिम लिएको व्यक्तिलाई पहिलो प्राथमिकता दिइन्छ । पत्रकारिताको तालिमसँगै रेडियोको आधारभूत तालिम लिएको भए त्यस्तो व्यक्तिले अवसर पहिले पाउँछ । रेडियो

सगरमाथाको समाचार कक्षमा आएकामध्ये बढीजसो त्रिभुवन विश्वविद्यालयमा पत्रकारिता पढेका व्यक्तिहरू थिए ।

यसबाहेक नेपाल प्रेस इन्स्टिच्यूट लगायत पत्रकारिताको तालिम दिने अन्य संस्थाबाट तालिम लिएका व्यक्तिहरू पनि छन् । अन्य कुनै सञ्चार माध्यममा पत्रकारिता गरिरहेको व्यक्ति पनि समाचार कक्षमा आउन सजिलो पर्छ । म आफै पनि पत्रिकामा काम गरेको मान्छे । पछि रेडियोमा आएँ । दुर्गा कार्कीले पनि प्रवीणता प्रमाणपत्र तहसम्म पत्रकारिता अध्ययन गरेको र पत्रिकामा काम सिकेको आधारबाट रेडियो सगरमाथामा प्रवेश गरेकी हुन् । पत्रिकामा काम गरेका जीवनाथ खनाल, अर्जुन भण्डारी, कसमस विश्वकर्मा, नवीनसिंह खड्का, भगिरथ योगी जस्ता साथीहरूले पनि केही समय रेडियो सगरमाथामा काम गरे ।

निमेष अधिकारी, जया लुइँटेल, विजय पौडेल, रमेश चालिसे, दीपक अर्याल, रोश्ना सुब्बा, निर्जला कक्षपति रेडियोसम्बन्धी तालिम लिएर समाचार कक्षमा काम गरेका केही नाम हुन् । यसबाहेक अति नै रुचि भएका तर तालिम नलिएकाहरू पनि समाचार कक्षमा प्रवेश गरेर राम्रो काम गरेका छन् । यिनमा समाचार संयोजक सञ्जीव अधिकारी, सरोज काफ्ले, ऋषि आचार्य, नवराज बुढाथोकी हुन् । पत्रकारिता विषयकै औपचारिक अध्ययन गरेर आउनेहरूमा म, मधु आचार्य, नारायण श्रेष्ठ, शारदा रिजाल, दुर्गा कार्की, हिमलाल न्यौपाने हुन् । त्यसैले समाचार कक्षमा काम गर्न एउटा कुनै योग्यता मात्रै भन्दा पनि विविध योग्यतामध्ये कुनै एउटा सहायक बन्न सक्छ । तैपनि प्राथमिकता त बढी पढेको, पत्रकारिता विषय लिएको र रेडियो तालिम लिएकैले पाउनु स्वाभाविकै हो ।

रेडियो सगरमाथाको समाचार कक्षमा भर्ना हुन सुरुमा सामान्य योग्यता पुगेपछि सबैभन्दा लामो समयदेखि स्वयंसेवक भएर काम गर्नेले पाउँथ्यो । तर २०५८ सालदेखि समाचार कक्षका लागि आवश्यक जनशक्ति विज्ञापनबाट माग गर्ने र प्रतिस्पर्धाबाट छान्ने गरिएको छ । समयसमयमा हुने आन्तरिक मूल्याङ्कनका आधारमा बढुवा गर्न सकिने चलन छ । समाचार कक्षको जनशक्तिको दुई पल्टसम्म बढुवा भइसकेको छ । रेडियो सगरमाथा विनियममा भएको व्यवस्थाअनुसार, बढुवा हुन सामान्यतया कुनै पदमा कम्तीमा तीन वर्ष काम गरेको हुनुपर्छ ।

### *तालिम र क्षमता अभिवृद्धि*

एउटा व्यक्ति रेडियोमा प्रवेश गरेपछि स्वर समेत प्रसारण गर्न योग्य हुनलाई कम्तीमा एक वर्ष लाग्छ । त्यस अवधिभर उसले रेडियो सगरमाथाको काम गर्ने तौरतरिका, रेडियोको सम्पादकीय नीति, शैली र आफ्नो क्षमता बुझ्ने मौका

पाउँछ । त्यसपछि मात्र ऊ परिपक्व बन्न सक्छ । समाचारसम्बन्धी काम गर्नेहरूलाई तालिम र क्षमता अभिवृद्धिका लागि प्राथमिकतामा राखिएको थियो । किनभने समाचार प्रसारणमा दक्ष जनशक्तिको आवश्यकता हुन्छ । रेडियो सगरमाथाले आफ्नो जनशक्ति सबैलाई वर्गीकरण गरेर आधारभूत, मध्यमस्तर र उच्चस्तरका तालिमहरू समयसमयमा दिने गरेको छ । आधारभूत तालिम सामान्यतया भर्खर प्रवेश गरेकाहरूका लागि तय गरिएको हुन्छ । यस्तो तालिममा समाचार भनेको के हो ? समाचारका स्रोत के-के हुन् ? रेडियोका लागि सूचना कसरी सङ्कलन गर्ने ? यस्तो सूचनालाई कसरी समाचार बनाउने ? रेडियोको समाचार लेखनमा के कस्ता कुरालाई ध्यान दिनुपर्छ ? वाक्य कस्ता लेख्नुपर्छ ? समाचार वाचन कसरी गरिन्छ ? आदिजस्ता आधारभूत कुरा सिकाइन्छ ।

मध्यम खालको तालिम चाहिँ रेडियोमा प्रवेश गरेर समाचार सङ्कलन गर्न र लेख्न थालेको छ/आठ महिनापछि उसलाई प्राथमिक तहमा सिकेका कुरा स्मरण गराउने र अभ्यासगत कुरामा कहाँ कस्ता समस्या आइपरेका छन् ? त्यस्ता समस्या हटाउन के गर्न सकिन्छ ? भाषा सुधारका लागि के गर्नुपर्छ ? समाचारका स्रोत कसरी कायमै राख्ने ? समाचार कसरी बढीभन्दा बढी समेट्ने ? समाचार वाचनलाई कसरी प्रभावकारी बनाउने आदिबारे अभ्यासगत ढङ्गले सिकाइन्छ । उच्चस्तरका तालिममा भने समाचार कक्षको व्यवस्थापन, समाचार सङ्कलनमा जनशक्तिको परिचालन, समाचार सम्पादन र भाषा, समाचार प्रस्तुतिमा रोचकपन, विषयवस्तुको खोज, चुस्त र प्रभावकारी भाषाको प्रयोग, समाचारको विविध स्वरूप र प्रस्तुतिका मोडलहरू, स्टुडियो र स्टुडियो बाहिरको अवस्थामाथि नियन्त्रण र निपुणता, विषयवस्तुको काँटछाँट जस्ता कुराहरू सिकाइन्छ ।

यस्ता तालिम देशभित्र र बाहिर साथै देशभित्रका र बाहिरका दुवैखाले जनशक्तिबाट दिने गरिएको छ । बीबीसी, रेडियो नेदरल्याण्ड, रेडियो डचेवेले, इन्टरन्यासनल इन्स्टिच्यूट अफ जर्नालिज्म, बर्लिन (आईआईजेबी) ले जनशक्तिलाई वर्षेनीजस्तो तालिम दिने गरेका छन् । यी संस्थाहरूमध्ये रेडियो डचेवेले, रेडियो नेदरल्याण्ड र आईआईजेबी जस्ता संस्थाहरूमा रेडियो सगरमाथाको जनशक्तिले वर्षेनी गएर तालिम लिने गरेको छ । रेडियो डचेवेलेको तालिम समूहले २०५५, २०५६ र २०५९ मा यहीँ आएर तालिम दिएको थियो भने बीबीसीले पनि दुई-तीन पल्ट नेपालमै तालिम दिएको छ । आईआईजेबीले विगत तीन वर्षदेखि रेडियो सगरमाथाको सम्पूर्ण जनशक्तिलाई हरेक वर्ष एक महिनाको तालिम स्टेसनमै आएर दिने गरेको छ । आईआईजेबीले सामान्यतया असोज-कात्तिकको समयमा तालिम दिने गरेको छ भने वर्षमा एक जनालाई बर्लिनमै करिब डेढ महिनाको तालिम दिने गरेको छ ।

तुलनात्मक रूपमा हेर्ने हो भने धेरै तालिम पाउने रेडियोकर्मीमा रेडियो सगरमाथाकै जनशक्ति पर्दछ । यो जनशक्ति तालिम दिन समेत विभिन्न स्टेसनहरूमा बेलाबेलामा जाने गरेको छ । म स्वयं, मधु आचार्य, जीतेन्द्र राउत, दीपा राई, सञ्जीव अधिकारी, जया लुइँटेल, नारायण श्रेष्ठ, प्रभा अधिकारी, दुर्गा कार्की विदेशमा गएर तालिम लिनेमध्येमा पर्दछौँ । तालिममा विदेश जानका लागि सामान्यतया व्यक्तिको सेवा अवधि, वरिष्ठता र आवश्यकतालाई ध्यान दिइन्छ। स्टेसन म्यानेजर वा बोर्डको निर्णयबाट तालिममा विदेश जानेहरूको छनोट हुने गर्दछ ।

## *प्रशिक्षार्थी / स्वयंसेवक*

रेडियो सगरमाथामा प्रशिक्षार्थी र स्वयंसेवक आउने र जाने भइरहन्छ । एउटा सामुदायिक रेडियोमा स्वयंसेवक आउनु र जानु उनीहरूको इच्छामा भर पर्नु स्वाभाविकै हो । स्वयंसेवकका रूपमा काम गर्नका लागि आवश्यक योग्यता चाहिँ प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको हुनुपर्‍यो । उमेद्वारले स्वयंसेवक भएर काम गर्न चाहेको व्यहोरासहित व्यक्तिगत विवरण, योग्यता, र नागरिकताको प्रतिलिपि संलग्न गराएर कुन बेला कति समय दिन सकिने हो, कहिलेसम्म काम गर्ने इच्छा हो, खुलाई लिखित निवेदन रेडियो व्यवस्थापन समक्ष दिनुपर्‍यो । स्थान अभावका कारण एक सिफ्टमा पाँच जनाभन्दा बढी स्वयंसेवकले काम गर्न सक्दैनथे । स्वयंसेवकको 'कोटा' पूरा भइसकेको छ भने खाली नभइञ्जेल कुर्नु पर्थ्यो ।

सुरुमा *हालचालका* लागि प्रशिक्षार्थी स्वयंसेवकहरूबाटै काम भयो । रेडियोमा काम गर्न पाए के-के न हुन्थ्यो भन्ने उत्साह र जिज्ञासा बोकेका स्वयंसेवकलाई रघु मैनाली र मैले संयोजन गरेका थियौँ । हामी दुवै जनासँग छापा पत्रकारिताको अनुभव थियो । तर, स्वयंसेवकहरूमा भाषाको ज्ञान कमी थियो । अनि तिनलाई समाचार सङ्कलन, समाचार लेखन, समाचारको सङ्गठन आदि जस्ता कुराको आधारभूत ज्ञानसमेत थिएन । उनीहरूमा केही थियो त केवल उत्साह । तिनलाई सिकाउने र तिनले लेखेका समाचारको सम्पादन गरिदिने काम पनि सँगसँगै अगाडि बढ्दै गयो । प्रशिक्षार्थी स्वयंसेवकहरूको आउने र जाने क्रम जारी नै रह्यो । एक वर्षमा करिब १०/१२ जना प्रशिक्षार्थी स्वयंसेवक आए केही सिके र आफ्नो गन्तव्य तय गरे । तीमध्ये धेरैले अन्य रेडियो स्टेसनहरूमा काम समेत गरे । जस्तैः कान्तिपुर एफएमका हालका समाचार संयोजक प्रवीण अधिकारीलाई उदाहरणका रूपमा लिन सकिन्छ। उनले रेडियो सगरमाथामा केही समय स्वयंसेवक भएर काम गरेका थिए । यद्यपि उनी *देशान्तर* साप्ताहिकमा छापा पत्रकारिता गर्दै थिए । यस्तै रेडियो मदनपोखराका कार्यक्रम निर्देशक राजेश

अर्याल, कान्तिपुर एफएमका मनोज अधिकारी, *राजधानी दैनिक*का श्याम लुइँटेल, स्वतन्त्र टेलिभिजन र रेडियो कार्यक्रम निर्माता ओजस्वी गौतम, मनकामना एफएमका तत्कालीन समाचार संयोजक समीर न्यौपाने लगायतका दर्जनौँ स्वयंसेवकहरू अहिले राम्रो अवस्थामा अन्य सञ्चार माध्यममा संलग्न छन् ।

इच्छुकहरूले स्वयंसेवक भएर काम गर्न चाहँदा रेडियो सगरमाथाले उनीहरूलाई अवसर उपलब्ध गराइरहेको छ । त्यसबाहेक स्वयंसेवकका लागि यसले सार्वजनिक सूचनामार्फत दुईपल्ट आह्वान पनि गरेको थियो । पहिलोपल्ट उपत्यकाका विभिन्न भागमा रहेर समाचार पठाउनका लागि २०५६ सालमा यस्तो आह्वान गरिएको थियो । त्यस बेला २० जना माग गरिएको भए पनि ४०० जनाले निवेदन दिएका थिए । भट्टेडाँडा, दधिकोट, पाटन, खुमलटार, बुढानीलकण्ठ, थानकोट लगायतका स्थानबाट २० जनालाई अन्तर्वार्तामार्फत छानेर समाचार सङ्कलन, लेखन र वाचनसम्बन्धी तीनहप्ते तालिम दिइयो । यो तालिममा सामुदायिक गतिविधि र घटना कसरी समाचार हुन सक्छन्, समाचारका स्रोत के-के हुन सक्छन्, कसरी समाचार सङ्कलन गर्ने, कसरी समाचार लेख्ने, कसरी समयसीमाभित्र समाचार पठाउने, लेख्न भ्याइएन भने कसरी समाचार कक्षमा जानकारी गराउने जस्ता कुरा सिकाइएको थियो ।

यो तालिमबाट निस्केका प्रशिक्षार्थी स्वयंसेवकहरूमध्ये तत्कालै आर्थिक लाभ नदेख्नेहरू बीचमै सम्पर्कबाट टाढिइसकेका थिए । आधाभन्दा बढीले भने एक वर्षसम्म आ-आफ्नो क्षेत्रबाट रेडियोमा समाचार पठाए । उनीहरूलाई फोनको लागि भनेर सामान्य शुल्क स्टेसनले तिरेको थियो । तर बिस्तारै यो टोलीका सदस्यहरूको सक्रियता घट्न थाल्यो । पेशाको खोजी गरिरहेको युवाले सधैँ स्वयंसेवक भएर काम गर्न नसक्नु स्वाभाविकै हो । उनीहरूलाई रेडियो सगरमाथाले जागीर नै दिन्छ भन्ने छैन भनेर पहिले नै भनिएको थियो । तर उनीहरूमा भने काम गर्दै गएपछि जागीर पनि कसो नपाइएला भन्ने आश थियो । केही समय काम गरेपछि पनि रेडियो सगरमाथामा जागीरे हुने सम्भावना नदेखेकाले उनीहरूको सक्रियतामा कमी आएको थियो । तर ऋषि आचार्य र नीरा रानाभाट भने झन्डै तीन वर्षसम्म स्वयंसेवकको रूपमा उत्साहपूर्वक सक्रिय रहे । स्टेसनलाई पूर्णकालीन संवाददाता आवश्यक परेको बेला कदरस्वरूप यी दुवै नियुक्त पनि भए । २०५९ सालमा रेडियो सगरमाथाले फेरि २० जना स्वयंसेवकका लागि विज्ञापन गरेको थियो । त्यसमा परेका ५०० जति आवेदनमध्येबाट प्रतिबद्धता, स्वर, योग्यता, तालिम, आदिका आधारमा अन्तर्वार्ताबाट २० जना छानिए । छानिएका तालिमेहरूले एक वर्षको प्रयोगात्मक तालिम रेडियोका

विभिन्न सिफ्टमा रहेर गर्नुपर्ने हुन्थ्यो । २० जनामध्ये ८ जना समाचारमा थिए । यसमा पनि आधा जतिले मात्र तालिम पूरा गरे ।

यसरी प्रशिक्षार्थी स्वयंसेवकहरू आएर केही समयपछि फेरि बाहिरिनुलाई दुई ढङ्गले हेर्न सकिन्छ । पहिलो, उनीहरूमा रेडियोमा बोल्न पाइन्छ भन्ने लोभ हुन्छ । तर तुरुन्तै बोल्न पाइने कुरै भएन । उनीहरूले सोचेको जस्तो बोल्ने मात्रै नभई समाचार सङ्कलन गर्ने र प्रसारणका लागि तयार गर्ने जस्ता काम पनि गर्नु पर्छ । यस्तो काम कतिलाई झन्झटिलो लाग्छ । दक्षता र अनुभवको कमी भएकाले उनीहरूले तयार पारेका हरेकजसो समाचार पुनर्लेखन गर्नुपर्ने अवस्था आउँथ्यो । यसले पनि उनीहरूको उत्साह घटाउँथ्यो । त्यसैले उनीहरूले बीचमै छोडेर हिँडेका होलान् भन्ने अनुमान गर्न सकिन्छ । दोस्रो, रेडियोले जागीर दिन्छ भन्ने आशा वा सपना पाल्नु र त्यो छ महिना वा एक वर्षसम्ममा पनि भएन भने बाहिरिनु । रेडियोमा जागीर पाइँदैन भन्ने भएपछि अन्य अवसरका लागि एक वर्ष पूरा गरेर बाहिरिएका पनि छन् । स्टेसनले प्रशिक्षण पूरा गर्ने सबैलाई स्वयंसेवक भई काम गरेको प्रमाणपत्र उपलब्ध गराउँछ । त्यसले उनीहरूलाई अन्य रेडियो स्टेसनमा काम गर्न पनि सजिलो हुन्छ । स्वयंसेवक भएर काम गरेका केही व्यक्ति रेडियो सिटी, कम्युनिकेसन कर्नर, एन्टेना फाउण्डेशन नेपाललगायतका संस्थामा काम गर्न पुगेका पनि उदाहरण छन् ।

### *सीप र स्वरको मापदण्ड*

समाचार शाखामा काम गर्ने हरेक व्यक्तिमाथि रेडियो सगरमाथाको ठूलै लगानी परेको हुन्छ । प्रसारणमा जानुअघि उसलाई कम्तीमा एक वर्षसम्म समाचार सङ्कलन, समाचार लेखन र समाचार प्रस्तुतिबारे व्यवहारिक ज्ञान सिकाइन्छ । समाचार वाचनका लागि कुनै व्यक्ति योग्य छ कि छैन भनेर जाँच्ने कसी भनेको आवाज, प्रस्तुति कला, प्रस्तुतिमा आरोह-अवरोह, गति, लय, प्रवाह, विश्राम, विषयवस्तु र प्राविधिक पक्षको ज्ञान, समयको व्यवस्थापन, समाचार प्रत्यक्ष प्रसारणका लागि पूर्ण अभ्यास र पूर्ण आत्मविश्वास जस्ता कुराहरू हुन् । कैयन स्टेसनले समाचार लेख्ने छुट्टै समूह र वाचन गर्ने छुट्टै समूह बनाउने गरेका पनि उदाहरण छन् । तर रेडियो सगरमाथामा भने कुनै पनि व्यक्ति माथि उल्लिखित सबै कुरामा पारङ्गत भयो भने मात्रै समाचार कक्षमा काम गर्न योग्य मानिन्छ । अझ समाचार वाचन गर्दागर्दै कुनै पनि बेला पहिले एक पल्ट पनि हेर्न नपाएको समाचार स्टुडियोमा पुग्न सक्छ । यसरी स्टुडियोमा समाचार पुग्नेबित्तिकै समाचार प्रस्तोताका अगाडि दुईओटा चुनौती खडा हुन्छन्: १) प्रवाह, आरोह-अवरोह, लयमा कुनै फरक नपारी समाचार वाचन गरिरहने, र २) समाचार स्टुडियोमा

पुऱ्याइदिने व्यक्तिसँग इसारामा कुरा गरी समाचार कुन क्रममा कति खेर प्रसार गर्ने भन्ने तय गरी त्यही क्रममा राखी प्रसार गर्ने । अझ कहिलेकाहीँ सामान्य अवस्थामा छिरेर समाचार वाचन गर्दागर्दै असामान्य घटनाको कारण असामान्य समाचारको विकास भइसक्छ र हतारमा लेखिएको त्यस्तो समाचार र अन्तर्वार्ता लिनुपर्ने व्यक्तिको नामसमेत स्टुडियोमा भित्रिन्छ । जस्तैः सामान्य अवस्थामा समाचार प्रसारणका लागि स्टुडियोमा पसेको समाचार प्रस्तोतालाई बाहिर के भइरहेको छ भन्ने थाहा हुन सक्दैन । उसले समाचार पढिरहेको बेला कुनै जहाज दुर्घटना भएको खबर समाचार कक्षमा आइपुग्यो र त्यो खबर पुष्टि भयो भने रेडियोले तात्तातो समाचार (ब्रेकिङ न्यूज) दिनुपर्ने हुन्छ । त्यस्तो बेलामा समय एकदमै कम हुन्छ ।

हतारहतारमा लेखिएको समाचार ढोका खोलेर स्टुडियोमा छिराउनुपर्ने हुन्छ । त्यो समाचार एकपल्ट मनमनमा पढ्ने समयसमेत प्रस्तोतासँग हुन सक्दैन । समाचार पढिरहनुपऱ्यो । चूप लाग्यो भने रेडियोमा स्वाँ... भइहाल्छ । त्यसैले यस्तो बेलामा पनि समाचार वाचकले सहज अवस्थामै आफूलाई राखी प्रस्तुति समेत सहज बनाउँदै स्टुडियोमा प्राप्त समाचार पढ्ने र समाचार अन्तर्वार्ता लिनुपर्ने रहेछ भने त्यो पनि गर्नुपर्ने हुन्छ । उदाहरणका लागि स्टुडियोमा भर्खर प्राप्त समाचारलाई विश्वसनीय बनाउन आधिकारिक व्यक्तिसँग प्रत्यक्ष अन्तर्वार्ता लिन सकियो भने त्यो समाचार पूर्ण हिसाबले विश्वनीय र आधिकारिक हुन्छ । त्यस्तो अन्तर्वार्ता विषयवस्तुमा केन्द्रित र समयभित्रै आवश्यक जानकारी आइसक्नुपर्ने हुनुपर्छ । यस्ता चुनौतीको सामना पृष्ठभूमिको जानकारी नभएको सामान्य समाचार वाचकले गर्न सक्दैन । यसका लागि विषयवस्तु र घटनाहरूमा सक्रिय ढङ्गले खेलिरहेको पत्रकारले मात्रै गर्न सक्छ । किनभने सक्रिय पत्रकारसँग मात्रै पर्याप्त सन्दर्भको ज्ञान हुन सक्छ ।

फेरि, १५-२० मिनेट लगातार समाचार वाचन गरिरहनसक्ने पनि हुनुपऱ्यो । त्यसबीचमा सामान्यतया, खोकी लाग्ने, घाँटी खसखसाउने, बोली भासिने पनि हुनु भएन । आकस्मिक रूपमा काबूभन्दा बाहिरको अवस्था आयो भने त कसको के लाग्छ र ? क्षमा माग्ने र फेरि समाचार वाचन गर्नुबाहेक केही गर्न सकिँदैन । यस्तो अवस्था सामान्यतया जो कोहीलाई पनि आउन सक्छ । रेडियो सगरमाथामा समाचारको बीचमा विज्ञापन नहुने भएकाले पनि लगातार समाचार वाचन गर्नुपर्ने हुन्थ्यो ।[१२]

समाचारमा प्रयोग हुने स्वरलाई रेडियो सगरमाथाले दुई खालको मानेको छ । पहिलो, समाचार वाचन गर्ने स्वर र दोस्रो, रिपोर्ट प्रस्तुत गर्ने स्वर । समाचार वाचन

---

[१२] रेडियो सगरमाथामा दस मिनेटसम्मका बुलेटिन एक जनाले र १५ मिनेट लामा समाचार दुई जनाले वाचन गर्ने परम्परा रहेको थियो ।

गर्ने स्वर पुरुषको भए कति मोटो वा भारी वा धोद्रे हुनुपर्छ र महिलाको भए कति सुरिलो हुनुपर्छ भन्ने मापदण्ड वैयक्तिक हुन सक्छ ।[१३] धेरै चर्को (हाइ फ्रिक्वेन्सी) र धेरै धसिएको (लो फ्रिक्वेन्सी) स्वरको पनि काम छैन । सकेसम्म रेडियो सगरमाथाले तीखो र धस्सिएको बीचको आवाजलाई समाचार वाचनका लागि छान्ने गर्छ ।

रिपोर्ट प्रस्तुतिका लागि भने समाचार वाचनका लागि चाहिने जस्तो स्वर खोजिँदैन । विभिन्न स्थानबाट सस्वर रिपोर्ट आउने भएकाले ती सबै ठाउँमा स्वरको गुणस्तर समाचार वाचन गर्ने जस्तो नहुन सक्छ । फेरि, रिपोर्ट केही सेकेण्ड वा एक डेढ मिनेटको मात्रै हुन्छ । त्यसैले यसमा स्वरलाई धेरै गम्भीरपूर्वक हेरिँदैन । तर बुझिने र प्रस्ट हुनुपर्छ भन्ने सर्तमा चाहिँ सम्झौता गर्न सकिँदैन ।

## आर्थिक पाटो

रेडियो सगरमाथाको *हालचाल* अर्थ आर्जन गर्ने माध्यम बन्न नसकेको हाम्रो अनुभव छ । समाचार कक्षमा कार्यरत जनशक्तिलाई रेडियो सगरमाथाले मासिक सरदर एक लाख रुपियाँ तलबबापत खर्च गर्थ्यो । कार्यक्रम/समाचार निर्देशकलाई मासिक एक हजार पाँच सय रुपियाँ र समाचार संयोजकलाई मासिक एक हजार रुपियाँ मोबाइल फोनको सुविधाबापत प्रदान गरिएको थियो । उपत्यकाबाहिरका संवाददाताहरू सबै स्वयंसेवक भएका हुनाले उनीहरूलाई समाचार सम्प्रेषणबापत छुट्टै पारिश्रमिक दिनु पर्दैनथ्यो । २०५९ देखि केही समय भने उनीहरूलाई एक समाचारको ५० रुपियाँ दिन थालिएको थियो । तर बिस्तारै रेडियो सगरमाथामा समाचार पठाउँछु भन्नेहरूको सङ्ख्या निकै बढ्न थाल्यो । सामान्यतया उपत्यका बाहिरबाट राजधानीका कुनै पत्रिकालाई समाचार पठाउने स्थानीय पत्रकारहरू नै रेडियो सगरमाथामा समाचार पठाउन उत्सुक देखिए ।

---

[१३] सामान्यतया गलाको वनावटका कारण पुरुषको स्वर लो फ्रिक्वेन्सीको हुने गर्छ र महिलाको तुलनामा धोद्रे सुनिन्छ । तर महिलाको स्वर हाइ फ्रिक्वेन्सीको हुन्छ र बढी तीखो वा सुरिलो सुनिन्छ । एफएममा हाइ फ्रिक्वेन्सी वा चिर्र गर्ने खालको स्वर त्यति मन पराइँदैन । यस्तो आवाजले सुन्ने मान्छेको कान खान्छ । किनभने एफएम प्रविधिमा आवाज फराकिलो बाटोमा बिनाठक्कर यात्रा गर्छ । सर्टवेभ प्रविधिमा भने साँघुरो बाटोमा यात्रा गर्ने भएकाले आवाज धेरैतिर हराउने, चुहिने, छरिने डर हुने हुनाले लो फ्रिक्वेन्सीको धेरै धसिएको) आवाजको मौलिक गुणस्तर धेरै मात्रामा नष्ट हुने हुन्छ । यस्तोमा हाइ फ्रिक्वेन्सीको स्वर रोजिन्छ । हाइ फ्रिक्वेन्सीको स्वर बढी तीखो र पातलो हुन्छ भने लो फ्रिक्वेन्सीको स्वर बढी मोटो र घना हुन्छ । यसमा तिख्खरपन हुँदैन । एफएममा सास फेरेको पनि मजाले सुनिने भएकाले धेरै तीखो स्वरले कान बढी घोच्छ र सकेसम्म बीचको वा लो फ्रिक्वेन्सी तिरको आवाजलाई प्राथमिकता दिइन्छ । उदाहरणको लागि प्रवीण गिरीको स्वर एफएम वा टेलिभिजनका लागि उपयुक्त भए पनि लो फ्रिक्वेन्सी भएका कारण सर्ट वेभमा काम लाग्दैन ।

उनीहरूलाई पारिश्रमिक दिने अवस्थामा रेडियो सगरमाथा थिएन । तैपनि पत्रिकालाई समाचार पठाउने परिश्रमबाटै रेडियोलाई पनि समाचार पठाउन सकिने भएकाले हामी निःशुल्क समाचार पठाउन तयार छौँ, तपाईंहरूले परिचयपत्र मात्रै उपलब्ध गराइदिए हुन्छ भनेर अनुरोध गर्नेहरूको सङ्ख्या बढ्न थाल्यो । समाचार पठाउँदा लाग्ने उनीहरूको फोन र फ्याक्सको पैसा भने रेडियो सगरमाथाले तिरिदिन थाल्यो र त्यही सुविधामा समाचार पठाइरहे । प्रायःजसो समाचारका सम्बन्धमा कुनै जानकारी दिनुपर्‍यो भने उनीहरूले मेरो वा सञ्जीवको मोबाइल फोनमा 'मिस कल' दिन्थे अनि यताबाट हाम्रो समाचार कक्षले फोन गरेर उनीहरूबाट समाचार लिन्थ्यो । यस्तो समझदारीमा पनि काम भयो । सञ्जय मिश्र, नेत्र पन्थी, टीकाराम दाहाल, केशव लामिछाने, चन्द्र कार्कीले झन्डै दुई वर्ष निःशुल्क समाचार सम्प्रेषण गरेका छन् । उनीहरूलाई समाचारका आधारमा नाम मात्रको भए पनि पारिश्रमिक दिने भन्ने योजना बनाइरहेकै बेला 'माघ १९' ले समाचार नै हरिदियो ।

यसरी बाहिरबाट समाचार सम्प्रेषण गरेको फोन र फ्याक्सको रकम तथा समाचारका लागि बाहिर गरेको फोनको खर्च मात्रै पनि महिनाको ५० हजार रुपियाँ नाघ्दो रहेछ । कहिलेकाहीँ त विदेशमा समेत समाचारका लागि फोन गर्नुपर्थ्यो । जस्तैः पाकिस्तानमा भएको दक्षिण एसियाली खेलकूद, इराकमा बन्दी बनाइएका नेपालीको अवस्था, मलेसियामा अलपत्र परेका नेपाली कामदारको अवस्था, दिल्लीमा हुने नेपाल-भारत द्विपक्षीय बैठक आदि । समाचार कक्षमा कार्यरत जनशक्तिलाई तलब, टेलिभिजन केबुललाई तिर्ने पैसा, फोन, बिजुली, फ्याक्स र प्रिन्टरको कार्टिजलगायत अरू स्टेसनरी सामग्रीको सबै खर्च जोड्दा समाचार कक्षमा सरदर पौने दुई लाख रुपियाँ सम्मको मासिक खर्च हुँदो रहेछ ।

समाचारका लागि लाग्ने यो खर्च विज्ञापनबाट उठ्दैनथ्यो । समाचारको अघि र पछि विज्ञापनका लागि समय छुट्याइएको भए पनि विज्ञापन उल्लेख्य रूपमा आउँदैनथे । यसका पछाडिको मुख्य कारण भनेको विज्ञापन छनोटमा रेडियो सगरमाथा आत्म नियन्त्रित हुनु हो । यसले जनमानसमा भ्रम उत्पन्न गर्ने र जनस्वास्थ्यमा नकारात्मक असर गर्ने वस्तु वा उत्पादनको विज्ञापन गर्दैन । यस्तै बहुराष्ट्रिय कम्पनीका उत्पादनको समेत विज्ञापन गर्दैन । हिजोआज उत्पादनका विज्ञापन हेर्ने हो भने कि उपहारको बाढी नै बर्साउने लोभ देखाइएका, कि गलत सन्देश जाने खालका पाइन्छन् । जस्तैः कुनै खानेकुरा खायो भने कि सुनको सिक्री, कि हीराको हार, कि मोटरसाइकल, कि केही बम्पर पाउने खालकै भेटिन्छन् भने कुनै अमुक डटपेनले लेख्यो भने पहिलो हुने, कुनै खानेकुरा खायो भने चोर समात्न सकिने आदि इत्यादि । सामाजिक उत्तरदायित्वको हिसाबले

हेर्ने हो भने उपभोक्तालाई गलत सन्देश दिने यस्ता सन्देश मिडियाले प्रसार गर्नु हुँदैन भन्ने रेडियो सगरमाथाको मान्यता छ । समाचारका अघि र पछि आउने धेरैजसो सन्देश सामाजिक खालका छन् । उदाहरणका लागि शान्ति, मानवअधिकार, स्वास्थ्य र शिक्षासँग सम्बन्धित सन्देशहरूलाई लिन सकिन्छ ।

**तालिका ६.४: रेडियो सगरमाथाको विज्ञापन दर**

| **सामान्य समय**<br>**अवधि** | **महत्त्वपूर्ण समय**<br>(बिहान र बेलुका ६-१० बजेसम्म) | **अति महत्त्वपूर्ण समय**<br>(बेलुका ८:४५ को बीबीसी प्रसारणअघि) |
|---|---|---|
| १५ सेकेण्ड रू. १८०।- | थप २५ प्रतिशत शुल्क | थप ५० प्रतिशत शुल्क |
| ३० सेकेण्ड रू. ३५०।- | थप २५ प्रतिशत शुल्क | थप ५० प्रतिशत शुल्क |
| ४५ सेकेण्ड रू. ५२५।- | थप २५ प्रतिशत शुल्क | थप ५० प्रतिशत शुल्क |
| ६० सेकेण्ड रू. ७००।- | थप २५ प्रतिशत शुल्क | थप ५० प्रतिशत शुल्क |
| शनिबार बिहान ६:०० देखि मध्याह्न १२:०० बजेसम्म सामान्य शुल्कमा थप ५० प्रतिशत शुल्क | | |

स्रोतः व्यापार शाखा, रेडियो सगरमाथा ।

यी सन्देशहरू नाफामुखीभन्दा पनि सामाजिक उत्तरदायित्वका हुन्छन् भने केही विद्यालय र अन्य सङ्घ संस्थाका सूचना र विज्ञापन सधैँ हुँदैनन् । मासिक करिब ४०-५० हजार रुपियाँ जतिको आम्दानी यस्ता सन्देशबाट हुन्थ्यो । अन्य करिब सवा लाख रुपियाँ बराबरको खर्च कार्यक्रमहरूको सह-उत्पादन र प्रसारणका लागि विभिन्न सामाजिक संस्थाहरूले सहयोग गरेको पैसाबाट भरथेग हुन्थ्यो । माघ १९ पछि अन्य रेडियोले समाचार प्रसार गर्न नपाएका कारण कैयौँ लाख रुपियाँको विज्ञापन गुम्यो र ठूलो घाटा लाग्यो भने पनि रेडियो सगरमाथाका लागि आफ्नै समाचार बुलेटिन हटेर आर्थिक रूपमा कुनै घाटा भएन । बरु बचत भयो । तर आफ्नो समाचार बुलेटिनबाहेक बीबीसी नेपाली सेवा प्रसार हुनमा रोक लागेको हिसाबले कुरा गर्ने हो भने भन्नै पर्छ, रेडियो सगरमाथालाई आर्थिक रूपमा ठूलो घाटा लाग्यो । बीबीसी नेपाली सेवा अगाडि र पछाडि गरी मासिक सरदर डेढदेखि दुई लाख रुपियाँसम्मको विज्ञापन प्राप्त हुने गर्थ्यो । त्यो समयलाई रेडियो सगरमाथाले अति महत्त्वपूर्ण समय मानेर विज्ञापन दर पनि सबैभन्दा महँगो तोकेको थियो (हेर्नुहोस् तालिका ६.४) । यसले रेडियोलाई ठूलै भरथेग गर्थ्यो ।

## निष्कर्ष

रेडियो सगरमाथाले माथिदेखि तल, तलदेखि माथि र तेर्सो सूचना प्रवाहको सिद्धान्त अपनाएर चौतर्फी वैकल्पिक सूचना प्रवाहको माध्यमको रूपमा आफूलाई उभ्याउने सङ्कल्प गरेको थियो । त्यसै कारण रेडियो सगरमाथाले परीक्षण प्रसारण

कालमै *हाम्रो खाल्डो* जस्तो सूचनामूलक रेडियो पत्रिका सुरु गऱ्यो । त्यसको केही समयपछि नै जनस्तर, वर्गीयस्तर र पेशागत घटना, अनुभव, समस्या, उल्लास, उपलब्धि, सांस्कृतिक अवसर, चाडपर्व, विकास निर्माण, भ्रष्टाचार, सुशासन र खेलका विषयवस्तुहरू समेटेर *हालचाल* प्रसारण गर्न थाल्यो । टोलमा भएका स-साना सरसफाइ, सांस्कृतिक गतिविधि समाचारको विषय भए । समाचार बुलेटिनमा जनताको आवाजसहित स्थान पाउन थाले । शक्ति र कुर्सीमा हुनेलाई तपाईं, अरूलाई तिमी भन्ने परम्पराको अन्त गर्दै रेडियो सगरमाथाले सबैलाई समान रूपमा तपाईं भन्न थाल्यो । खेलाडी र केटाकेटीलाई तपाईं भनेर सम्बोधन गरेको सुनेर पचाउन अप्ठचारो मान्नेहरूलाई पनि सभ्य समाजमा तपाईं कसैको पेवा र तिमी कसैको ठेक्का होइन भन्ने जबाफ व्यवहारबाट देखाइदियो । जनस्तरका घटना, गतिविधि, समस्या, अनुभव र उपलब्धिले ठाउँ पाउन थालेपछि तिनको चर्चा परिचर्चाको दायरा बढ्यो । यस्ता गतिविधिबाट एक समुदाय अर्को समुदायसँग परिचित हुन थाल्यो । सांस्कृतिक कार्यका लागि प्रोत्साहन मिल्न थाल्यो ।

रेडियो सगरमाथाको प्रस्तुति र भाषा शैली बेग्लै खालको थियो । राष्ट्रिय समाचार समितिका लामालामा वाक्य रेडियो नेपालले समाचारमा जस्ताको त्यस्तै वाचन गर्थ्यो । लामा, औपचारिक वाक्यको अल्छे प्रस्तुति सुन्न बानी परेका काठमाडौं उपत्यकावासीले सहज र बोलचालका शब्दले बनेका छोटा, आकर्षक र चुस्त वाक्यका समाचार सहज शैलीमा सुन्न पाउन थाले । यसबाट विषयवस्तु र समाचारको स्वादमा एउटा दह्रो विकल्प उपत्यकावासीहरूले पाए । वास्तवमा रेडियो सगरमाथाले चौतर्फी सूचना प्रसारण गरेर खुला रेडियो समाचारको अवधारणालाई व्यवहारमा उताऱ्यो । यसबाट सूचना प्रवाहमा रोकावटको कारक सञ्चार माध्यम स्वयं नै बन्ने परम्परागत सर्वसत्तावादी सिद्धान्तको अभ्यासमा ठूलो धक्का लाग्न पुग्यो । रेडियो सगरमाथाले आफ्नो खुला र चौतर्फी सूचना प्रवाहको नीतिलाई कायमै राख्दै निष्पक्ष ढङ्गले राजनीतिक समाचारसमेत प्रसार गर्न थाल्यो । यसरी ५० वर्ष लामो एकपक्षीय सरकारी समाचार/सूचना प्रवाहको साम्राज्य ढल्न पुग्यो । रेडियो सगरमाथा समाचार प्रसारणबाट यही होस् भन्ने चाहन्थ्यो । नभन्दै रेडियो सगरमाथाले समाचारमूलक कार्यक्रमको माध्यमबाट स्वतन्त्र र विश्वसनीय समाचार सुन्ने बानी श्रोतामा बसाउन सक्यो र स्वतन्त्र समाचारको समयप्रति नेपाली समाजलाई बानी पार्न सक्यो । यथासक्य चाँडो, निष्पक्ष, यथार्थपरक र विश्वसनीय स्वतन्त्र समाचारको स्वाद नेपाली जनताले पाउनमा रेडियो सगरमाथाको *हालचाल*को महत्त्वपूर्ण भूमिका छ, जुन रेडियो नेपालबाट कहिल्यै पनि कल्पना गर्न गाह्रो छ ।